# प्रारम्भिक बालबिकास कार्यक्रमको सिकाइ अवस्था

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
स्नातकोत्तर तह(एम.एड) दोस्रो वर्षको
आंशिक आवश्यकता
परिपूर्तिका लागि
प्रस्तुत

शोध पत्र

शोधकर्ता
केशव प्रसाई
स्नातकोत्तर दोस्रो वर्ष
त्रि.वि. दर्ता नं. :-९-३-२०४-०१८१-२०११
परीक्षा रोल क्रमाङ्क :- २०४००७०/२०७०
क्याम्पस रोल नं. :- ४८

कनकाई बहुमुखी क्याम्पस
कनकाई न.पा
सुरुङ्गा,झापा
२०७३

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

मिति :..........................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी केशव प्रसाईले मेरो प्रत्यक्ष निर्देशनमा **प्रारम्भिक बाल विकास कार्यक्रमको सिकाइ अवस्था** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २२ डिसेम्बर २०१६

(मोहन प्रसाद ओली)

शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी केशव प्रसाईले **प्रारम्भिक बाल विकास कार्यक्रमको सिकाइ अवस्था** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी ............................
विभागीय प्रमुख

२. मोहन प्रसाद ओली ............................
शोध निर्देशक

३. उप-प्रा. गणेश प्रसाद खनाल ............................
बाह्य परीक्षक

मिति : ९ जनवरी २०१७

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिसको विकास आमाको गर्भबाट शुरु भएर मृत्यु पर्यन्त चलिरहन्छ । मानव विकासलाई जन्म पूर्व र जन्म पश्चात दुई भागमा बाँड्ने गरिन्छ । मनोवैज्ञानिकहरुले २ वर्षदेखि ६ वर्षसम्मको अवधिलाई प्रारम्भिक बाल्यावस्था नामकरण गरेका छन् । यस उमेरका बालबालिकाहरु ज्यादै चञ्चल र जिज्ञासु स्वभावका हुन्छन् । सामाजिकीकरण सँगसँगै क्रियात्मक एवम् संज्ञानात्मक विकासको दृष्टिकोणबाट पनि यस समयावधिलाई महत्वपूर्ण उमेरका रुपमा लिइन्छ । बाबु आमाको अनुसार यो उमेर दुःखपूर्ण र खेलौनाको उमेर, शिक्षाविदहरुका अनुसार पूर्व विद्यालय उमेर र मनोवैज्ञानिकहरुका अनुसार पूर्व वाल समूहको उमेर भनी नामकरण गरेको पाइन्छ (रेग्मी, २०६१ ) ।

प्रारम्भिक बाल्यावस्था मानिसको जीवनको आधार तयार गर्ने उमेर भएकोले यस अवस्थामा भएको विकासले पछिको विकासमा प्रत्यक्ष असर पुऱ्याउँछ । मानिसको ५०% वौद्धिक विकास जन्मदेखि ५ वर्षको उमेर सम्ममा भइसक्ने विभिन्न अनुसन्धानले देखाएको छ । त्यसैले बालबालिकाको अन्तर्निहीत क्षमतालाई पहिल्याएर उपर्युक्त दिशातिर प्रवाहित गरी उनीहरुको स्वास्थ्य तथा सुरक्षासँग सम्बन्धित तथा अन्य जीवनोपयोगी एवम् स्वावलम्वी सिपहरु हासिल गराउन अभिभावक, शिक्षक र स्याहार सुसार गर्ने व्यक्तिहरुको कर्तव्य हुन आउँछ (रेग्मी २०६१) ।

“प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्थामा लिइने हुँदा यस उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरू पूर्ण मानव बन्न सक्छन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति सम्भव हुन्छ ” ( प्रारम्भिक बालबिकास पाठ्यक्रम २०६२ : ii ) ।

“प्रारम्भिक बालबिकास कार्यक्रम” भन्नाले प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित पाँच वर्ष उमेर पूरा भई नसकेका बालबालिकाहरुको शारीरिक, सामाजिक,

संवेगात्मक र वौद्धिक विकास लगायत सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने कार्यक्रम भन्ने सम्झनु पर्दछ (प्रारम्भिक बालबिकास कार्यक्रम सम्बन्धी निर्देशिका, २०६१) ।

बालबालिकाको सामाजिक परिवेश अनुरुप विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सिकाइ क्रियाकलाप सञ्चालन गर्नु नै प्रारम्भिक बालबिकासको प्रमुख लक्ष्य हो । प्रारम्भिक बालबिकास कार्यक्रमको मुख्य कार्य बालबालिकालाई आफूप्रतिको आत्मविश्वास जगाउन, परिवर्तित समाज र अन्य व्यक्तिप्रति सकारात्मक सोच विकास गर्न, चुनौति, वाधा र सफलतामा संवेगात्मक सन्तुलत कायम गर्न मद्दत पुऱ्याउनुका साथै सामाजिक र व्यवहारिक मूल्य मान्यताको आधारमा व्यवहारिक सिकाइ सिप प्रदान गरी उनीहरुमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशीला खडा गर्नु हो ।

नेपालमा पूर्व प्राथमिक तथा प्रारम्भिक वाल शिक्षा सम्बन्धी औपचारिक प्रयासको थालनी सरकारी स्तरबाट वि.सं. २००७ मा काठमाण्डौमा मन्टेश्वरी विद्यालयको स्थापनाबाट भएको पाइन्छ । यसका लागि चाहिने आवश्यक शिक्षकहरुले शुरुमा भारतबाट तालिम प्राप्त गरेका थिए । वि.सं. २०२० सालमा उक्त मन्टेश्वरी विद्यालय तत्कालीन लेवोरेटोरी स्कुलमा गाभिएको थियो । वि.सं. २०२२ सालदेखि वालमन्दिरको व्यवस्था भई शिशु शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुन थालेका थिए (ढकाल ,२०६३) ।

नेपालमा गठित शिक्षा सम्बन्धी विभिन्न समिति तथा आयोगले पूर्व प्राथमिक तथा प्रारम्भिक बालशिक्षालाई परिभाषित गर्दै सञ्चालनको लागि सुझाव प्रस्तुत गर्दै आएका छन् । राष्ट्रिय शिक्षा योजना आयोग (२०११), सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले यस सम्बन्धमा सिफारिश गरेका थिए । शिक्षा ऐन २०२८ ले पूर्व प्राथमिक शिक्षा भन्नाले प्राथमिक शिक्षा भन्दा पूर्व चार वर्ष उमेर पुगेका बालबालिकालाई एक वर्ष दिने शिक्षा सम्झनु पर्दछ भनी परिभाषित गरेको छ ।

शिक्षा पाउनु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र सन १९४८ मा शिक्षा पाउनु हरेक व्यक्तिको मानव अधिकार भनिएको छ । यसै गरी सन १९८९ मा संयुक्त राष्ट्रसंघको

महासभाले “बालबालिका महासन्धि १९८९” पारित गऱ्यो जसले शिक्षा पाउनु बालकको जन्मसिद्ध अधिकार मानेको छ (सबैका लागि शिक्षा, सहयोगी पुस्तिका , २०६३) ।

सन् १८७० मा इटलीमा जन्मेकी मारिया मन्टेश्वरीले बाल सिकाइमा नयाँ क्रान्ति ल्याइन । बालबालिकालाई लेखाएर होइन विभिन्न खेल सामाग्रि खेलाउँदै शिक्षाको सुरुवात गर्नु पर्दछ भन्ने उनको सिद्धान्तका आधारमा आज विश्वभरि नै प्रारम्भिक बाल सिकाइका लागि मन्टेश्वरी विद्यालयहरु खुलेका छन् । “ शिक्षाको उद्देश्य हुँदैन , उद्देश्य त व्यक्तिको मात्रै हुन्छ । शिक्षा बालकको रुचि ,प्रवृत्ति , क्षमता चाहना आवश्यकता र स्वभावका आधारमा दिइनु पर्दछ ” भन्ने शिक्षाविद जोन डिवेको शैक्षिक दृष्टिकोणले  बाल सिकाइमा नयाँ आयाम थप्न पुग्यो । फ्रेडरिच फ्रोबेलले सन १८३७ मा जर्मनको पहाडी गाँउ ब्ल्याङ्केनवर्गमा किण्डर गार्टेन विद्यालयको खोले जहाँ बालकलाई पहिला खेल खेल्नमा जोड दिइन्छ र त्यसपछिमात्र सामान्य क्रियाकलापमा सहभागी गराइन्छ । फ्रेडरिच फ्रोबेलले त्यसपछि हरेक ठाँउमा बाल उद्यान खोलेर आफूलाई शिक्षाविद्को रुपमा चर्चित गराउन सफल भए ।

सन २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सवैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिवद्ध छ । यो लक्ष्य प्राप्तिका लागि आगामी १५ वर्षका निम्ति शैक्षिक विकासलाई मार्गदर्शन गर्न नेपाल सरकारले सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन २००१ - २०१५ र सवैका लागि शिक्षा २००४ - २००९ कार्यक्रम मार्फत सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तारमा जोड दिएको छ । नेपाल भरीनै सञ्चालन भएका प्रारम्भिक बालबिकास कार्यक्रमलाई अगाडि बढाउन अग्रणी भूमिका खेल्ने संस्थाहरुमा युनीसेफ, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, वर्ल्ड भिजन, सेतो गुराँस, नेपाल बाल सुरक्षा संघ आदि गैर सरकारी संस्था हुन ।

नेपालमा सबैकालागि शिक्षा २००४-२००९ का ६ ओटा अवयवहरु सबैका लागि शिक्षा विषयक डाकार कार्यढाँचा मा निर्धारण भएका ६ ओटा उद्देश्यमा आधारित छन् जस मध्ये पहिलो बालबिकास कार्यक्रमको विस्तार र सुधार छ । त्यसै गरी विद्यालय क्षेत्र सुधार योजना २०६६ - २०७२ ले आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गर्ने लक्ष्य र चार बर्ष उमेरका बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालबिकास सेवामा पहुँच बढाउने उद्देश्य निर्धारण गरेको छ । ( विद्यालय क्षेत्र सुधार

योजना २०६६ - २०७२) । त्यसै गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (विक्षेविका) २०१६ - २०२२ अवधारणापत्र मा पनि प्रारम्भिक बाल बिकासको प्रवर्द्धन गर्नु र निर्धारित उमेरभित्रै कक्षा १ मा भर्ना हुन बाल बालिकाको तत्परता सुनिश्चित गर्नुलाई उद्देश्यमा राखिएको छ । उक्त उद्देश्य प्राप्त गर्न चार वर्ष उमेर समूहका बाल बालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा वा प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमको पहुँचमार्फत विद्यालयमा भर्नाको तयारी सुनिश्चित गर्ने र मागका आधारमा प्रारम्भिक बालशिक्षा र विकास कार्यक्रमको विस्तार गर्ने नीति लिएको छ । (विद्यालय क्षेत्र विकास कार्यक्रम (विक्षेविका)२०१६ -२०२२ : १४ ) ।

नेपाल भरीनै सञ्चालन भएका प्रारम्भिक बालबिकास कार्यक्रमलाई अगाडि बढाउन अग्रणी भूमिका खेल्ने संस्थाहरुमा युनीसेफ, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, वर्ल्ड भिजन, सेतो गुराँस, नेपाल बाल सुरक्षा संघ आदि गैर सरकारी संस्था हुन् भने नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, शिशु शिक्षा शाखा त्रिभुवन विश्व विद्यालय, सेरिड आदिले प्रारम्भिक बालबिकास कार्यक्रम सम्बन्धी विभिन्न तालिम, सेमिनार, खोज तथा अनुसन्धान, पाठ्यक्रम विकास आदि कार्यक्रम सञ्चालन र परीक्षण गर्दै आइरहेका छन् (प्रारम्भिक बालबिकास दिग्दर्शन ,२०६२) ।

नेपालको शिक्षामा प्रारम्भिक बालबिकास कार्यक्रमले उल्लेख्य भूमिका खेलेको विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । प्रारम्भिक बालशिक्षाको अवसर पाएका बालबालिकाहरुको कार्यक्षमता र कक्षोन्नति दर अवसर नपाएका बालबालिकाको भन्दा उच्च छ ।

बालबालिकाको सर्वाङ्गीण विकास गर्ने हेतुले नेपालमा सरकारी र गैरसरकारी स्तरबाट व्यापक रुपमा प्रारम्भिक बालबिकास कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । नेपालमा हाल बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरू कूल ३४,६२२ रहेका छन् । तीमध्ये २९,५३५ समुदायमा र ५०८७ निजी स्तरमा सञ्चालित छन् । बालबिकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको कुल भर्ना दर ७६.७ रहेको छ जसमा ७६.२ प्रतिशत छात्रा र ७७.२ प्रतिशत छात्र रहेका छन् (शिक्षा मन्त्रालय, २०१४ ) । सरकारी तथा निजी स्तरवाट सञ्चालित शिशु स्याहार, नर्सरी, एल.के.जी. र यू.के.जी. का कक्षाहरु पनि प्रशस्तै छन् । बालबिकास कार्यक्रमलाई आगामी दिनमा अझ सशक्त र वृहत् रुपमा बढाउँदै लैजाने

प्रयासहरु भैरहेका छन् । सरकारी र गैर सरकारी दुवै क्षेत्रबाट यस कार्यक्रममा लगानीको दर बढाइएको छ । शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागले प्रारम्भिक बालबिकास कार्यक्रमको लक्ष्य प्राप्तिको लागि प्रारम्भिक बालबिकास कार्यक्रम सम्बन्धी निर्देशिका, बालबिकास पाठ्यक्रम, बालबिकास क्यालेण्डर, प्रारम्भिक बालबिकास रणनीति-पत्रको प्रकाशन गरेको छ । यसरी नीजि तथा सरकारी स्तरबाट प्रारम्भिक बालबिकास कार्यक्रममा लगानी बढाउँदै लगेका बालबालिकालाई विद्यालय जाने वातावरण र उनीहरुको सर्वाङ्गीण विकास गर्न प्रारम्भिक बालबिकास कार्यक्रमको उल्लेख्य भूमिका रहेको सन्दर्भमा बालबालिकाको समग्रताको विकास गर्ने ध्येयले स्थापना भएका बालबिकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको लोकप्रियता दिनदिनै बढ्दै गइरहेको छ ।

शिक्षा ऐन २०२८ आठौं संशोधन र शिक्षा नियमावली २०५९ मा प्रारम्भिक बालशिक्षाको व्यवस्था गरिएको पाइन्छ । नियमावलीको नियम ३ को (२) मा पूर्व प्राथमिक विद्यालय खोल्न चाहनेले अनुमतिका लागि शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा २ महिना अगावै अनुसूची - २ वमोजिमको ढाँचामा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका समक्ष निवेदन दिनुपर्ने प्रावधान छ ।

यस ऐनका उपदफाहरुमा प्राप्त निवेदनहरु जाँचबुझ गर्दा विद्यालयले नियम ६ वमोजिमको शर्त पूरा गरेको देखिएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले त्यस्तो विद्यालयलाई स्वीकृति प्रदान गर्नेछ । यस ऐन तथा नियमावलीको दफा ६८ मा शिशु विकास केन्द्र स्थापना गर्न चाहिने पूर्वाधारहरु निम्नानुसार उल्लेख गरिएको छ । फराकिलो, खुला, शान्त, सुरक्षित भवन भएको , भवन बाहेक आधा रोपनी वा एक कट्ठा जग्गा भएको , बाल उद्यानको व्यवस्था भएको ,सफा र स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको , कम्तीमा २ जना सुसारेहरु भएको । दफा ६९ मा शिशु विकास केन्द्रले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्ने प्रावधान उल्लेख गरिएको छ (शिक्षा ऐन २०२८) । शिक्षा विभाग (२०६१), शिक्षा नियमावली २०५९ को नियम १९२ खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालयले जारी गरेको “प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६१” को प्रस्तावनामा प्राथमिक कक्षामा भर्ना हुन उमेर नपुगेका बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले सञ्चालित बालबिकास वा शिशु बिकास केन्द्र वा पूर्व प्राथमिक कक्षा व्यवस्थित रुपले

ब्यवस्थापन र सञ्चालन गर्न निर्देशिका तयार गर्न आवश्यक भएको कुरा उल्लेख गरेको छ । यस निर्देशिकाको दफा २ को (१) मा प्रारम्भिक बालबिकास कार्यक्रमको परिभाषा निम्नानुसार उल्लेख गरिएको छ ।

"प्रारम्भिक बालबिकास कार्यक्रम" भन्नाले प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित पाँच वर्ष उमेर पूरा भई नसकेका बालबालिकाहरुलाई शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास लगायत सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने 'कार्यक्रम' भन्ने सम्झनु पर्छ । यस निर्देशिकाले प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन सम्बन्धि नीति निर्देशनहरु उल्लेख गरेको छ । परिच्छेद दुईमा केन्द्र तथा पूर्व प्राथमिक विद्यालय स्थापना तथा सञ्चालन सम्बन्धी विभिन्न नियमहरु उल्लेख गरिएको छ । दफा १० मा अभिभावक शिक्षा कार्यक्रम सम्बन्धी व्यवस्था, दफा २१, २२, २३, २४, २५, २६, २७, २८, २९ र ३० मा प्रारम्भिक बालबिकाससँग सम्बन्धित विभिन्न निकायहरुको काम, कर्तव्य र अधिकार तोकिएको छ (शिक्षा विभाग, २०६१) ।

शिक्षा विभाग (२०६२), ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुका लागि विद्यालय, बालबिकास केन्द्र वा निजी स्तरबाट सञ्चालित बालबिकास कक्षाका लागि नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय शिक्षा विभाग प्रारम्भिक बालबिकास शाखाले "प्रारम्भिक बालबिकास दिग्दर्शन २०६२" प्रकाशन गरेको छ । यस निर्देशन पुस्तिकाले बालबिकास केन्द्र/पूर्व प्राथमिक कक्षाका बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गरी उनीहरुलाई आत्म विश्वासी, आफूलाई सुरक्षित अनुभव गर्ने, स्वाभिमानी, सहयोगी तथा स्वावलम्बी बनाउन आवश्यक वातावरणको व्यवस्था गर्न सहयोगी कार्यकर्तालाई मद्दत पुऱ्याउने कुरा भूमिकामा उल्लेख गरिएको छ । यो पुस्तिका ३ भागमा विभाजित छ । पहिलो भागमा प्रारम्भिक बालबिकास कक्षाहरुको व्यवस्थापनमा बढी जोड दिइएको छ । यसमा परिचय, कार्यक्रमको दुरदृष्टि, बालबिकास पाठ्यक्रमको लक्ष्य र विशेषता, अभिभावक संलग्नता, विशेष बालबालिकाको सन्दर्भ र मूल्याङ्कन समावेश गरिएको छ । दोस्रो भागमा बालबिकास पाठ्यक्रमको बारेमा जानकारी दिइएको छ । यस अन्तर्गत आधारभूत सिकाइका क्षेत्रहरुतथा विषयात्मक क्षेत्रहरु सम्बन्धमा सिकाइ उपलब्धीहरु समावेश गरी अपेक्षित उमेरगत उपलब्धीहरु प्रस्तुत गरिएको छ । तेस्रो भागमा शीर्षकगत क्रियाकलापहरुलाई नमूनाको रुपमा सातवटा शीर्षकहरुमा राखिएको छ । प्रत्येक शीर्षकमा उपशीर्षकहरु र

त्यसका लागि बिताउने समय सहितलाई हप्तामा उल्लेख गरिएको छ । (शिक्षा विभाग, २०६२)

बालबालिकाको सामाजिक परिवेश अनुरुप विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सिकाइ क्रियाकलाप सञ्चालन गर्नु नै यस पाठ्यक्रमको मुख्य लक्ष्य राखिएको छ । बालबालिकाको अन्तर्निहीत क्षमतालाई पहिल्याएर उपर्युक्त दिशातिर प्रवाहित गरी उनीहरुलाई आफ्नो स्वास्थ्य तथा सुरक्षासँग सम्बन्धित तथा अन्य जीवनोपयोगी एवम् स्वावलम्बी सिपहरु हासिल गराउनु यस पाठ्यक्रमको जोड रहेको छ । अर्को शब्दमा भन्ने हो भने यस पाठ्यक्रमको मुख्य कार्य नै बालबालिकालाई आफूप्रतिको आत्मविश्वास जगाउन परिवर्तित समाज र अन्य व्यक्तिहरुप्रति सकारात्मक सोच विकास गर्न, चुनौति बाधा र सफलतामा संवेगात्मक सन्तुलन कायम गर्न मद्दत पुऱ्याउनुको साथै सामाजिक र व्यवहारिक मूल्य मान्यताको आधारमा व्यवहारिक सिकाइ सिप प्रदान गरी उनीहरुमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशीला खडा गर्नु रहेको छ ।

यस पाठ्यक्रमले प्रारम्भिक बालबालिकाको सिकाइमा एकरुपता र निरन्तरता दिन आवश्यक दिशा निर्देश गर्नेछ । बालबालिकाको पारिवारिक, सामाजिक, भौगोलिक, मानवीय र प्राकृतिक परिवेश जस्ता सेरोफेरोको वातावरणलाई उपर्युक्त शिक्षण सिकाइका रुपमा प्रयोग गर्न सक्षम बनाउने गरी यो पाठ्यक्रमको विकास गरिएको छ ।

यस पुस्तिकाको माध्यमबाट सवै प्रकारका बालबिकास कार्यक्रमहरु जस्तै : समुदायमा आधारित प्रारम्भिक बालबिकास कक्षा, सामुदायिक विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा तथा संस्थागत विद्यालयमा आधारित किन्डरगार्टन तथा मण्टेसरी जस्ता बालबिकास कक्षा सञ्चालनमा एकरुपता ल्याउने यथेष्ट प्रयास गरिएको छ (शिक्षा विभाग, २०६२) ।

बालबालिकाको पहिलो पाठशाला घर हो जहाँ उनीहरुले परिवारका सदस्य एवं अग्रजबाट सिकाइ प्रारम्भ गर्दछन् । विद्यालय बालबालिकाको दोस्रो पाठशाला हो । जब उ ५ बर्षको हुन्छ , त्यसपछि उसलाई विद्यालयको प्राथामिक तहमा भर्ना हुन योग्य मानिन्छ । प्राथामिक तहको कक्षा १ मा भर्ना हुनासाथ पाठ्यक्रमले राखेका उद्देश्य प्राप्त गर्न उचित

क्षमताको विकास उसमा हुदैन । त्यसकारण बालबालिकालाई विद्यालयमा भर्ना हुनु पूर्वतयारी गराउन पूर्व प्राथमिक तहको रुपमा नेपाल सरकारले प्रारम्भिक बालबिकास केन्द्रको अवधारणा ल्याएको हो । ३ देखि ५ वर्ष मुनिका बालबालिकाहरु यस्ता केन्द्रहरुमा भर्ना गरी उनीह्रुलाई विभिन्न व्यवहारहरु सिकाएर प्राथमिक तहमा भर्ना हुन योग्य बनाउने प्रयास गर्नु प्रारम्भिक बालविकास केन्द्रको मूल उद्देश्य हो । बालबिकास केन्द्रमा आउने बालबालिकाहरु कलिलो मस्तिष्क बोकी आएका हुन्छन् । उनीहरुलाई उचित वातावरण दिएर उपयुक्त क्रियाकलापमा सहभागी गराई विभिन्न व्यवहार र धारणाहरु सिकाउनु पर्ने हुन्छ । यसका लागि उचित वातावरण र व्यवहार जरुरी हुन्छ । उनीहरुको शारीरिक, मानसिक र संवेगात्मक तीनै पक्षमा उचित ध्यान दिन सकिएन भने उनीहरुको भविष्य फरक बाटोतर्फ लाग्न सक्ने हुनाले यसलाई सबै पक्षले गम्भिरतापूर्वक सोच्नु आवाश्यक छ । बालबिकास केन्दमा बालबालिकाले भविष्यमा जान्नु र सिक्नु पर्ने धेरै विषयवस्तुहरुका धारणाहरुलाई गीत, खेल, कथा, चित्र, नाटक, अभिनय, कुराकानी, अवलोकन जस्ता विभिन्न क्रियाकलापकहरुको माध्यम बाट सिक्दछन् । सानै उमेरमा अवधारणा स्पष्ट भएमा पछि गएर बालबालिकाले विद्यालयमा सिकाउने कुनैपनि विषयलाई राम्रोसँग बुझ्दछन् । बालबिकास केन्द्रले विद्यालयमा जाने बानीको विकास गर्नुका साथसाथै बीचमै विद्यालय छाड्ने प्रवृत्तिलाई पनि कम गर्न सक्छ किनकि उनीहरु विद्यालयमा गई रमाएर सिक्ने कुरामा अभ्यस्त भइसकेका हुन्छन् । केन्द्रमा शिशुको मानसिक, शारीरिक, संवेगात्मक र सामाजिक व्यवहारहरुको विकासका लागि सवसरहरु प्रदान गरिन्छ । केन्द्रमा आएका बालबालिकालाई आफुप्रतिको आत्मविश्वास जगाउन, परिवर्तित समाज र अन्य व्यक्तिहरु प्रति सकारात्मक सोच विकास गर्न, चुनौती, बाधा र सफलतामा संवेगात्मक सन्तुलन कायम गर्ने कार्यमा मद्दत पुऱ्याउनुका साथै सामाजिक र व्यावहारिक मूल्य मान्यताको आधारमा व्यावहारिक र सिकाइ सीप प्रदान गरी उनीहरुमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशीला खडा गराउने कार्य गर्दछ । समुदायमा तथा विद्यालयमा एकीकृत रुपमा आधारित बालबिकास कार्यक्रमले सम्बन्धित पक्षमा पारेको प्रभावको लेखाजोखा गर्नु आवश्यक छ । अझ हाम्रो जस्तो विकासशील मुलुकमा यो कार्यक्रम एउटा नयाँ र कम परीक्षण गरिएको कार्यक्रम भएकाले सम्बन्धित सरोकारवालाहरुको यस कार्यक्रमप्रति जिज्ञासा बढेको छ । यसै परिवेशलाई आत्मसात गर्दै प्रारम्भिक बालबिकास कार्यक्रमको महत्वलाई थप स्पष्ट पार्न र यस कार्यक्रमले पारेको

प्रभावको मूल्याङ्कन गर्ने हेतुले यो शोध प्रस्ताव तयार पारिएको हो । विविध किसिमका मनोरञ्जनात्मक शिक्षण-सिकाइ क्रियाकलापको माध्यमद्वारा ३ र ४ वर्ष उमेर समूह का सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालयका लागि तयार गर्ने हेतुले सरकारी स्तरबाट सञ्चालित यस्ता प्रारम्भिक बालबिकास कार्यक्रमहरु कस्तो अवस्थामा सञ्चालित छन्, कार्यक्रमका उद्देश्यहरु के कति पूरा भएका छन्, कार्यक्रम सञ्चालन भएको ठाउँमा कार्यक्रमको के कस्तो प्रभाव परेको छ, बालबिकास कार्यक्रमले बालबालिकाहरुको व्यवहार, विकास र सिकाइमा अपेक्षित सुधार ल्याएको छ कि छैन - यी सवालहरुको अध्ययन यदि नहुने हो भने कार्यक्रममा गरिएको खर्चको औचित्य समाप्त हुन्छ । त्यसैकारण यस कार्यक्रमको प्रभावकारिता अध्ययनलाई समस्याको रुपमा लिई अध्ययन गर्न अति आवश्यक ठानिएको छ ।

## १.२ समस्याको कथन

बाल अधिकारका रूपमा स्थापित अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच सहज तुल्याउँदै व्यक्ति, परिवार, समुदाय, विद्यालय, सरकारी एवम् गैरसरकारी सङ्घ संस्थाको भूमिका सुनिश्चित गरी सबै बालबालिकालाई अनिवार्य आधारभूत शिक्षाको प्रत्याभूति दिन अधिराज्य भर ब्यापक रुपमा प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन भै रहेका छन् । प्रारम्भिक बालबिकास कार्यक्रम नेपालमा सबैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजना र सबैका लागि शिक्षा कार्यक्रमको अभिन्न अङ्ग हो । शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागले प्रारम्भिक बालबिकास कार्यक्रमको लक्ष्य प्राप्तिको लागि प्रारम्भिक बालबिकास सम्बन्धी निर्देशिका, बालबिकास पाठ्यक्रम , बालबिकास क्यालेण्डर , प्रारम्भिक बालबिकास रणनीति पत्रको प्रकाशन गर्दै आएको छ । यसका साथै बालबिकास केन्द्रका सहयोगी कार्यकर्तालाई तालिम र सेमिनार आदिको पनि सञ्चालन गर्दै आएकोछ ।

प्रारम्भिक बालविकास केन्द्रको प्रभावकारीता तथा कार्यत्ररमको गुणस्तर आर्थिक लगानी, सहजकर्ता, अभिभावक, कक्षा व्यवस्थापन, कक्षाकोठाको वाातावरण, बालबालिकाको संख्या तथा सिकाइमा निर्भर गर्दछ । आवाश्यकता अनुसारको आर्थिक , भौतिक मानव स्रोतको उचित व्यवस्थापनको अभाव, पर्याप्त शैक्षिक सामग्रीको अभाव, अभिभावक तथा समुदायमा नै पूर्व प्राथमिक कक्षाको बारेमा ज्ञान र चेतनाको कमी आदिले गर्दा बालविकास केन्द्रहरु अपेक्षाकृत प्रभावकारी बन्न सक्दैनन् । बालबिकास केन्द्रहरु पनी अन्य कक्षाहरु

सरह नै सञ्चालन गरिरहेको अवस्थाले गर्दा यसको उद्देश्य पूरा नहुने प्रष्ट छ । खेलमा सामेल गरेर विद्यालय र पढाइ प्रति आर्कर्षित गराउने लक्ष्य हुनु पर्नेमा खेल सामग्री बिना नै बालबालिकाहरु केन्द्रमा बस्न बाध्य भएका छन् । खेल्ने उमेर भए पनि सो अनुरुप बालबिकास केन्द्रमा वातावरण छैन । सहयोगी कार्यकर्ताले तालिम अनुरुप कार्य गरेका छैनन् । लक्ष्य अनुरुप कक्षाकोठाको वातावरण तयार भएको पाइँदैन । बालबालिकालाई उनीहरुको रुची, क्षमता, र इच्छा अनुसार सिकाइमा सहभागी गराउने व्यवस्था छैन । सरकारी तथा गैर सरकारी स्तरबाट प्रारम्भिक बालबिकास कार्यक्रममा लगानी बढाउँदै लगेको अवस्थामा कार्यक्रम सञ्चालनका समस्याहरु, यसले बालबालिकाहरुको सिकाइमा पारेको प्रभाव , यस कार्यक्रमले कक्षा १ को भर्ना दर र सिकाइ उपलब्धीमा पारेको प्रभाव , सहयोगी कार्यकर्ताहरु र अभिभावकहरुको यस कार्यक्रम प्रतिको धारणा र कार्यक्रमको उपादेयता पहिचान गर्न यो शीर्षक छनौट गरिएको छ ।

शिक्षा विभागले पनि बालबिकास केन्द्रको गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा न्यूनतम मापदण्ड तय गरेको छ । प्रारम्भिक बालशिक्षा कार्यक्रम सञ्चालन केन्द्रहरु कस्तो अवस्थामा सञ्चालित छन , कार्यक्रमका उद्देश्यहरु के कति पूरा भएका छन, कार्यक्रम सञ्चालन गरिएको क्षेत्रमा के कस्तो प्रभाव परेको छ, कक्षा १ मा भर्ना हुन तयार पार्ने राष्ट्रिय उद्देश्य पूरा गर्न यो कार्यक्रम कतिको सफल भएको छ भनी समग्र बालबिकास कार्यक्रमको प्रभावकारिता अध्ययन गरि सरोकारवाला पक्षहरु : स्रोतकेन्द्र , जिल्ला शिक्षा कार्यालय ,शिक्षा विभाग र शिक्षा मन्त्रालय सबै पक्षलाई नीति निर्माण र कार्यान्वयनमा आंशिक सहयोग पुग्ने आशामा यो अध्ययन गरिएको छ । यस अध्ययनले प्रारम्भिक बालसिकाइमा संलग्न पक्षहरु बालबालिका , सहयोगी कार्यकर्ता , विद्यालय, स्रोतव्यक्ति , सुपरीवेक्षक , विद्यालय व्यवस्थापन समिति आदिलाई सम्बोधन गर्नेछ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको पूर्वाधार हो । पूर्व प्राथमिक शिक्षा प्राथमिक शिक्षाको आधार हो । विकासात्मक मनोवैज्ञानिकहरुका अनुसार प्रारम्भिक बाल्याबस्था पछिल्लो विकासको आधारशीला हो । यस सन्दर्भमा प्राथमिक विद्यालय उमेर पूरा भइनसकेका बालबालिकाहरुलाई दिइने प्रारम्भिक वाल शिक्षाको बालबालिकाहरुको चौतर्फी विकासमा अहम् भूमिका हुन्छ । प्रारम्भिक बालबिकास कार्यक्रममा सरकारी र गैर सरकारी क्षेत्रबाट

लगानी बढाउँदै लगेको परिवेशमा यस कार्यक्रमले लक्षित समूहमा पारेको प्रभाव, यस कार्यक्रममा स्थानीय अभिभावकको संलग्नता, बालबिकास कार्यक्रमको उद्देश्य प्राप्त गर्न सकिने उपायहरु आदि जस्ता पक्षहरु यस अध्ययनका महत्वपूर्ण पक्षहरु हुन । यसै गरी यस अध्ययनले शिक्षाको पहुँच लक्षित वर्गसम्म सहज रुपमा कसरी पु¥याउने भन्ने पक्षमा मद्दत गर्ने छ । कार्यक्रमका कमीकमजोरीहरु के के छन र तिनलाई सुधार कसरी गर्न सकिन्छ भन्ने विषय वस्तु अध्ययनका लागि उपयुक्त ठहर्दछ । यस अध्ययनबाट निस्केको निष्कर्षले शिक्षाको नीति निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, शिक्षक तथा सम्बन्धित सवै निकायलाई अवश्य नै मद्दत पु¥याउने आशा राखिएको छ । यस अध्ययनले प्रारम्भिक बालसिकाइमा संलग्न स्थानीय पक्षहरु बालबालिका , सहयोगी कार्यकर्ता , विद्यालय, स्रोतव्यक्ति , सुपरीवेक्षक , विद्यालय व्यवस्थापन समिति आदिलाई सम्बोधन गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्यहरु

प्रारम्भिक बालबिकास कार्यक्रमको वर्तमान अवस्था र यसले बालबालिकाको सिकाइमा पारेको प्रभाव अध्ययनमा निम्नानुसार उद्देश्यहरु राखिएको छ ।

१. प्रारम्भिक बाल बिकास कार्यक्रमको सिकाइ अवस्था पत्ता लगाउने ।

२. बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिकाका बीच नियमितताको तुलना गर्ने

३. प्रारम्भिक बालबिकास शिक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभाव विष्लेषण गर्ने

४. प्रारम्भिक बालबिकास शिक्षामा देखा परेका समस्या र चुनौतीहरुको पहिचान गरी तिनका समाधानका उपायहरु खोजी गरी सुझावहरु दिने ।

## १.५ अनुसन्धान प्रश्न

प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन गरेका केन्द्रहरुमा स्थलगत रुपमा अवलोकन अध्ययन गरी यस अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएकोछ।

१. हाम्रा बालबिकास केन्द्रहरु वास्तविक मन्टेश्वेरी विद्यालय जस्तो अवस्थामा सञ्चालित छन् ? सञ्चालनमा के कस्ता समस्या र कठिनाई छन् ?

२. प्रारम्भिक बालबिकास कार्यक्रमले बालबालिकाको नियमिततामा के कस्तो भूमिका खेलेको छ ?

३. प्रारम्भिक बालबिकास कार्यक्रमले बालबालिकाहरुको विकास, व्यवहारको निर्धारण र सिकाइमा अपेक्षित सुधार ल्याएको छ कि छैन ?

४. प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरु र अवसर नपाएका बालबालिकाहरुमा कुन पक्षको सिकाइ उपलब्धि बढी सबल छ ?

५. प्रारम्भिक बालबिकास कार्यक्रमले अभिभावक, शिक्षक र समग्र समुदायको विश्वास जित्न सकेको छ ?

६. प्रारम्भिक बालबिकास कार्यक्रमलाई उद्देश्यमूलक बनाउन बाधा पुऱ्याउने मुख्य समस्या के के छन् ?

## १.६ अध्ययनको परिसीमा

सरकारी, गैरसरकारी क्षेत्र तथा स्थानीय क्लबहरु मार्फत बालबिकास कार्यक्रम देशै भरि सञ्चालन भएका छन् । यस्तो अवस्थामा सम्पूर्ण क्षेत्रमा गई कार्यक्रमको अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकाले झापा जिल्ला अन्तर्गतका १७ वटा स्रोत केन्द्रहरु मध्ये अनारमनी स्रोत केन्द्रलाई छानौट गरिएको छ । सो स्रोत केन्द्र अन्तर्गत सञ्चालित २२ वटा सामुदायिक विद्यालयहरु मध्ये अन्तर्गत एकीकृत रुपमा बालबिकास कार्यक्रम सञ्चालन गरेका ३ वटा विद्यालयहरु र २ वटा सामूदायिक बाल विकास केन्द्रहरु छनोट गरिएको छ । ती विद्यालयबाट बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिकाहरु मध्ये ५/५ जनाको दरले जम्मा ३० जना बालबालिका, सो बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता , विद्यालयका प्रधानाध्यापक , वि.व्य.स अध्यक्ष र स्रोत व्यक्ति मात्र अध्ययनको लागि नमूनाको रुपमा छनोट गरिएकोछ ।

यो अध्ययन झापा जिल्ला अनारमनी स्रोत केन्द्र अन्तर्गत बिर्तामोड नगरपालिकामा बालशिक्षा सञ्चालन गर्ने ३ वटा सामुदायिक विद्यालय ( आधारभूत तह र माध्यमिक तह पर्ने गरी ) र २ वटा बालबिकास केन्द्रमा मा मात्र सीमित हुनेछ । यस अध्ययनको क्रममा बालविकास केन्द्र र विद्यालयका कक्षाकोठाको भौतिक अवस्था ( आकार, फर्निचर, सजावट,

खेल मैदान, पिउने पानी, हावा र प्रकाश ), बाल बिकास केन्द्रको शैक्षिक अवस्था ( सहयोगी कार्यकर्ताको अवस्था र शैक्षिक सामग्रीको अवस्था ), दिवा खाजाको अवस्था, बालबालिकाको विद्यालय नियमितताको अवस्था , कक्षा १ का बालबालिकाको विषयगत औसत प्राप्ताङ्कको अध्ययनमा सीमित रहने छ । त्यसैगरी बालबालिकाका सिर्जनात्मक पक्ष अन्तर्गत सरसफाइ गर्ने बानी, सुरक्षा सम्बन्धि बानी, शिष्टचार गर्ने बानी , सामाजिक भावनाको बिकासको अध्ययनमा मात्र सीमित गरिएको छ । यो अनुसन्धान तयार भएपछिको निष्कर्ष छनौटमा परेका विद्यालय र बालबिकास केन्द्र, उक्त विद्यालयका प्र.अ., विव्यस, स्रोत व्यक्ति, सहयोगी कार्यकर्ता र विद्‌यार्थीमा सामान्यीकरण गरिने छ ।

अवसर प्राप्त बालबालिका भन्नाले कक्षा १ मा भर्ना हुनु अघि प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु मानिएको छ । अवसर अप्राप्त बालबालिका भन्नाले कक्षा १ मा भर्ना हुनु अघि प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर नपाएका बालबालिकाहरु मानिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनैपनि खोज तथा अनुसन्धानलाई व्यवस्थित रुपमा सञ्चालन गरी सही निष्कर्ष निकाल्न सम्बन्धित क्षेत्रमा गरेका तथा सामग्रीहरुले आधार प्रदान गर्दछ । पौडेल, (२०६६) को प्रारम्भिक बालबिकास कार्यक्रमको प्रभावकारिता नामक शोधपत्रमा प्रारम्भिक बालबिकास कार्यक्रमले बालबालिकाहरुको शैक्षिक विकास, मानसिक विकास र सामाजिक विकासमा उल्लेख्य सहयोग पुऱ्याएको , बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराएको पाइएको छ ।

" पूर्व बाल्यावस्थाका बालबालिको समूहमा खेल्न ज्यादा मन पराउने उमेर भएकाले र अरुको नक्कल जस्ताको तस्तै गर्ने उमेर भएकाले यसलाई खेलौनाको उमेर र अरुको नक्कल गर्ने उमेर पनि भनिन्छ । यस उमेरका केटाकेटीलाई सामाजीकरणको अवस्थाको उमेर मानिन्छ । यसप्रकार मानव विकासको क्रममा यो अवस्थालाई ज्यादै महत्वपूर्ण मानिन्छ किनभने सामाजिक समायोजनका लागि यस उमेरमा बालबालिकाहरुले धेरै कुरा सिक्ने गर्दछन् । " शर्मा , शर्मा ( २०५६: ६५)

कक्षा १ को सिकाइ उपलब्धि न्यून हुनाका कारणहरु बालबालिकाहरु विद्यालयमा नियमित उपस्थित नहुनु, परीक्षामा लिखित प्रश्नहरु दिनु, उमेर कम हुनु, परिवारको आर्थिक अवस्था कमजोर, परिवारमा चेतनाको कमी, दिवा खाजाको व्यवस्था नहुनु र आर्थिक विपन्नता, उपर्युक्त बसाइ व्यवस्थापनको अभाव , आधुनिक शिक्षण सिकाइ क्रियाकलापको अभाव, शैक्षिक सामग्री प्रयोगको अभाव, न्यून उपस्थिति, शिक्षकको व्यबहार। पौडेल, ( २०७२) । लेखकले सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरुमा पारिवारिक पृष्ठभूमि, अभिभावकको आर्थिक विपन्नता, उपयुक्त वसाई व्यवस्थापनको अभाव, आधुनिक शिक्षण सिकाइ क्रियाकलापको अभाव, शैक्षिक सामग्रीहरुको प्रयोगको अभाव, शिक्षकको उपस्थितिमा अनियमितता, साथी संगत, शिक्षकको व्यवहार, विद्यालय पुग्न लाग्ने समय, पूर्व प्राथमिक कक्षाको कम समय अवधिलाई औंल्याएका छन् । उक्त अध्ययनले दिवाखाजा

कार्यक्रम पछिको बालबिकास केन्द्रको अवस्थालाई समेट्न नसकेको हुनाले सो अवस्थाको अध्ययन पनि आवाश्यक देखिन्छ ।

प्रारम्भिक बालबिकास कक्षामा अध्ययन गरेर कक्षा १ मा भर्ना भएका बालबालिकाहरुको सबै विषयमा औसत अङ्क अवसर नपाएका बालबालिकाको तुलनामा उत्कृष्ट हुन्छन् , बालशिक्षा प्राप्त गरेका बालबालिकाको भाषिक सीपको विकास, र सामाजिक भावनाको विकास कक्षा १ मा आइपुग्दा राम्रो हुन्छ , पोखेल, ( २०७२)। शोधकर्ताले प्रारम्भिक बालबिकास कक्षा सञ्चालनमा सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यून भएको, शैक्षिक सामग्री खरीद गर्न दिने अनुदान न्यून हुनु , दिवा खाजा कार्यक्रमको रकम न्यून हुनु , अंग्रेजी भाषा मोहको कारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु लाई प्रमुख समस्याको रुपमा औंल्याएका छन् । उक्त अध्ययनमा प्रयोग भएका प्रश्नावलीहरुलाई थप उद्देश्यमूलक बनाइएको भए अध्ययन अझ यथार्थपरक हुने देखिन्छ ।

श्रेष्ठ (२०७० : ६८ ), यस अनुसन्धान मूलक लेखको प्रमुख उद्देश्य काठमाण्डौ उपत्यकामा सञ्चालित पूर्व प्राथामिक विद्यालयहरुको भौतिक सुविधाको अवस्था पत्ता लगाउनु रहेको छ । अनुसन्धानमूलक लेखमा काठमाण्डौ उपत्यकाका तीन जिल्ला ( काठमाण्डौं, ललितपुर र भक्तपुर) प्रत्येकबाट तीन/तीन वटाका दरले ९ वटा पूर्व प्राथामिक विद्यालयलाई नमूनाको रुपमा लिइएको छ । उक्त ९ वटा विद्यालयका प्रधानाध्यापकहरुको दृष्टिकोणलाई सूचकको रुपमा लिइएको छ । प्रत्यक्ष अवलोकन र अन्तर्वार्ता लाई तथ्याङ्क संकलनको साधनको रुपमा लिईएको छ । काठमाण्डौं उपत्यकाका ४८ % पूर्व प्राथामिक विद्यालयहरु मात्र भौतिक सुविधा सम्पन्न छन् , अधिकाशं विद्यालयहरु भौतिक सुविधाहरु व्यवस्थापन गर्न सैद्धान्तिक रुपमा अनभिज्ञ रहेछन् , अधिकांश प्रधानाध्यापकहरु शिक्षा , स्वास्थ्य र पोषणको एकीकृत महत्वप्रति अनभिज्ञ छन् , विद्यार्थीहरु घरबाटै खाजा लिएर आउँछन् जसमा अधिकांश जंक फुड हुने गरेको छ । विद्यालयमा स्थानीय स्तरका भन्दा बाहिरबाट खरिद गरिएका शैक्षिक सामाग्रि तथा खेल सामाग्रिहरु छन् । लेखक शरणहरि श्रेष्ठको निष्कर्ष छ । विद्यार्थीका बौद्धिक ,सामाजिक, संवेगात्मक र सांस्कृतिक बिकासका लागि कक्षाकोठाहरु विभिन्न रंगका चित्र , लेख र अन्य सामाग्रिहरुले सजाउनु पर्ने, विद्यालयमा उचित खेल मैदान हुनु पर्ने र पूर्व प्राथामिक

विद्यालयमा विद्यालय आफैंले टिफिन र खानेपानीको व्यवस्था मिलाउनु पर्ने अनुसन्धानकर्ता श्रेष्ठको सुझाव छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

" पूर्व बाल्यावस्थाका बालबालिको समूहमा खेल्न ज्यादा मन पराउने उमेर भएकाले र अरुको नक्कल जस्ताको तस्तै गर्ने उमेर भएकाले यसलाई खेलौनाको उमेर र अरुको नक्कल गर्ने उमेर पनि भनिन्छ । यस उमेरका केटाकेटीलाई सामाजीकरणको अवस्थाको उमेर मानिन्छ । यसप्रकार मानव विकासको क्रममा यो अवस्थालाई ज्यादै महत्वपूर्ण मानिन्छ किनभने सामाजिक समायोजनका लागि यस उमेरमा बालबालिकाहरुले धेरै कुरा सिक्ने गर्दछन् । " शर्मा , शर्मा ( २०५६: ६५) । यसरी हेर्दा बालबालिकाहरुका लागि सञ्चालन हुने हरेक क्रियाकलापहरु निश्चित मापदण्ड र सिद्धान्तमा आधारित भएर गरिएका हुनु पर्दछ । त्यसैगरि कुनै पनि अध्ययन अनुसन्धानहरु निश्चित सिद्धान्तमा आधारित भएर गरिएका हुन्छन् । यो शोधकार्य पनि निम्नानुसार सिद्धान्तमा आधारित भएर गरिएको छ ।

इभान पी.प्याभलभ (१८४९-१९३६) ले सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त प्रतिबादन गरेका हुन । यस सिद्धान्तमा प्याभलभले शारीरिक र मानसिक क्रियाको सम्बन्धबाट सिकाइ सम्भव हुने , उत्तेजना र प्रतिक्रियाका बीचम सम्बन्ध स्थापित भएर सिकाइ हुने तथ्यलाई उजागर गरेका छन् । उनले सम्बन्ध प्रत्यावर्धन सिकाइमा प्रेरणा , पुनर्बल, अभ्यास, आशा र बाधक तत्वहरुको अनुपस्थितिलाई अत्यावस्यक तत्वको रुपमा लिएका छन् । शिक्षण क्षेत्रमा बालबालिकाहरुमा राम्रा बानीहरुको बिकास गर्न र नराम्रा आदतहरु हटाउन प्याभलभको सिद्धान्त अतिनै प्रभावकारी देखिएको हुनाले बालबिकासमा हुने क्रियाकलापहरु यो सिद्धान्तको मर्म अनुसार भए नभएको हेर्न खोजीएको छ ।

फ्रोबेल (१७८३ - १८५४) ले प्रतिपादन गरेको प्रशिद्ध शिक्षण पद्धतिलाई बाल वगैंचा (Kinder Garten) भनिन्छ । फ्रोबेल को शिक्षण पद्धति बालकेन्द्रित छ, दण्डको व्यवस्था छैन । पारिवारिक वातावरणमा शिक्षा आर्जन गर्ने अवसर प्रदान गरिन्छ, शिक्षण पद्धतिमा खेल विधि अपनाइन्छ । प्रारम्भिक बालबिकास केन्द्रहरुमा पनि वगैंचा, वालुवा, ढुङ्गा, चाकाचुली आदिको व्यवस्था हुने र खेल विधिलाई प्रमुख शिक्षण विधि बनाइनु पर्ने हुन्छ । हाम्रा बालबिकास केन्द्रहरुको शिक्षण विधिलाई पनि किण्डर गार्टेन शिक्षण पद्धतिसँग तुलना गरेर

अध्ययन गर्नु अपरिहार्य देखिएकोले Frobel को Kinder Garten विधिलाई अध्ययनको आधार बनाइएको छ ।

Dr. Maria Montessori (१८७० - १९५२) ले बाल स्वतन्त्रता र खेलकूदद्वारा शिक्षण गरिने विचारलाई Montessori विधिको रुपमा विकसित गरिन् । उनको Children House शिक्षा पद्धतिको मेरुदण्ड मानिन्छ । उनका अनुसार बालबालिकामा अन्तर्निहित प्रतिभा हुन्छ जसलाई शिक्षाले उजागर गर्नुपर्छ । बालकलाई स्वतन्त्रतापूर्वक आफ्ना विचार र संवेगहरु अभिव्यक्त गर्न दिनुपर्छ । बालबालिकाहरु आफ्नै गतिले सिक्दछन् । मांशपेशी र ज्ञानेन्द्रीयको उचित तालिमलाई प्रारम्भिक बाल्यावस्थाका बालबालिकालाई दिइने शैक्षिक प्रक्रियामा Montessori ले जोड दिएकी छिन् । प्रारम्भिक बालबिकास कार्यक्रमको लक्ष्य बालबालिकाहरुको चौतर्फी विकास गर्नु भएकाले यस अध्ययनको क्रममा Montessori को शिक्षण पद्धतिलाई पनि आधार बनाइएको छ ।

## २.३ पुनरावलोकन उपादेयता

अध्ययन प्रतिवेदनको अवलोकनबाट अध्ययनकर्तालाई प्रतिवेदनका विषयवस्तुहरुको जानकारी र भविष्यमा उक्त विषयवस्तुलाई अझ थप व्यवस्थितरुपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ । मेरो अध्ययनको लागि उपलब्ध सम्बन्धित साहित्यहरुको अध्ययन आफ्नो कार्यलाई अगाडि बढाउने योजना निर्माणमा सहयोगी भएका छन् । समस्याको पृष्ठभूमि , अध्ययनका उद्देश्यहरु निर्माण , अध्ययनका साधनहरुको निर्माण कार्यमा सम्बन्धित साहित्यको अध्ययन सहायक भएको छ । आफ्नो अध्ययनलाई अझ परिष्कृत र परिमार्जित गर्न कुन-कुन पक्षमा सुधार गर्नु पर्दछ भन्ने तथ्यहरु पनि सम्बन्धित साहित्यको अध्ययनबाट प्राप्त गरेको छु । त्यसै गरी सिद्धान्तहरुको अध्ययनले पनि यस अध्ययनमा उद्देश्यहरु र साधनहरुको निर्माण गर्न सहायक भएका छन् । सिद्धान्तहरुलाई अध्ययनको क्रममा प्राप्त तथ्याङ्क, प्रतिक्रिया, प्रक्रिया र परिणमसँग तुलनात्मक रुपमा विश्लेषण गरिनेछ । साथै सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त भएका प्राप्ति र यस अध्ययनको प्राप्तिबीच तुलनात्मक अध्ययन गर्न समेत सहयोग पुग्दछ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन गुणात्मक विधि वा ढाँचाबाट गरिएको छ । यस अनुसन्धानमा वस्तु, प्रक्रिया, समस्या तथा घटनाहरुलाई यथास्थितिमा अथवा तिनीहरुको प्राकृतिक अवस्थामा नै गुणात्मक अध्ययन गरिएको छ । साथै यस अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरुको परिमाणात्मक विधिद्वारा व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । दस्तावेजको गुणात्मक विश्लेषणमा प्रकाशन, खुल्ला प्रश्नावली तथा सर्भेमा प्राप्त प्रतिक्रिया, व्यक्तिगत डायरी इत्यादि समावेश हुनेछन् भने परिमाणात्मक विश्लेषणमा अभिलेख, तथ्याङ्क आदिलाई समावेश गरिएको छ । अतः यो अध्ययन गुणात्मक विधि वा ढाँचाबाट गरिएको छ । बालबिकास कार्यक्रमको कार्यान्वयन अवस्था र सिकाइमा यसको प्रभावको गुणात्मक विश्लेषण गरि अध्ययन कार्य सञ्चालन भएको हुँदा यो अध्ययन मिश्रित ढाँचामा सम्पन्न भएको छ ।

## ३.२ जनसंख्या र नमूना छनोट

सरकारी, गैर सरकारी क्षेत्र तथा स्थानीय क्लबहरु मार्फत बालबिकास कार्यक्रम देशै भरि सञ्चालन भएका छन् । यस्तो अवस्थामा सम्पूर्ण क्षेत्रमा गई अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकाले झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरु मध्ये एउटा स्रोत केन्द्र अनारमनी स्रोत केन्द्र र सो स्रोत अन्तर्गतका २२ वटा सामुदायिक विद्यालयहरु मध्ये बिर्तामोड न.पा भित्र एकीकृत रुपमा बालबिकास कार्यक्रम सञ्चालन गरेका ३ वटा सामुदायिक विद्यालयहरु श्री महेन्द्र रत्न मावि, श्री देवि मावि, श्री अनारमनि प्रावि र समुदाय द्वारा सञ्चालित बालविकास केन्द्रहरु मध्ये २ वटा बिराट सामूदायिक बाल बिकास केन्द्र, बिर्तामोड ९ र आदर्श बाल बिकास केन्द्र, बिर्तामोड ६ छनोट गरिएको छ । ती विद्यालयबाट कक्षा २ मा अध्ययनरत विद्यार्थीहरु मध्ये बालशिक्षाको अवसर प्राप्त ५ जना र अवसर अप्राप्त ५ जना गरी ३० जना बालबालिका अध्ययनका लागि छनोट गरिएको छ । साथै उल्लेखित विद्यालय र बालबिकास केन्द्रहरुका दश जना सहयोगी कार्यकर्ता, सम्बन्धित विद्यालयका प्रधानाध्यापक , व्यवस्थापन समिति अध्यक्ष, प्रत्येक विद्यालय बाट ५ जनाका

दरले अभिभावक र स्रोत व्यक्तिलाई यस अध्ययनको जनसंख्या रुपमा लिइएको छ । श्री महेन्द्र-रत्न मा.विमा सञ्चालीत ७ वटा बालबिकास केन्द्रका १५३ जना , श्री देवि मा.वि मा सञ्चालीत २ वटा बालविकास केन्द्रका ५५ जना , श्री अनारमनी प्रा.वि मा सञ्चालीत एउटा बालबिकास केन्द्रका २५ जना , विराट सामूदायिक बालबिकास केन्द्रका ४४ जना र आदर्श बाविके का २२ जना बालबाविकाहरु माझ्ा यो अध्ययनको सामान्यिकरण गरिनेछ ।

तालिका १ : छनौटमा परेका विद्यालयमा सञ्चालित बालबिकास केन्द्रहरु

| क.सं | विद्यालयको नाम | बालबिकास केन्द्रको नाम |
|---|---|---|
| १ | श्री महेन्द्र रत्न मा.वि | सूर्य बाल बिकास केन्द्र |
| २ | | बजरंगवली बाल बिकास केन्द्र |
| ३ | | पञ्चकन्या बाल बिकास केन्द्र |
| ३ | | प्रगतिशील बाल बिकास केन्द्र |
| ४ | | दीपशिखा बाल बिकास केन्द |
| ६ | | नवप्रतिभा बाल बिकास केन्द्र |
| ७ | | लाली गुरास बाल बिकास केन्द |
| ८ | श्री देवी मा.वि | श्री देवी बाल बिकास केन्द्र |
| ९ | | श्री लक्ष्मी बाल बिकास केन्द्र |
| १५ | श्री अनारमनी प्रा.वि | अनौपचारिक बाल बिकास केन्द्र |

यस अध्ययनमा झापा जिल्लाका १७ वटा स्रोत केन्द्र मध्ये उद्देश्यमूलक नमूना छनोटद्वारा अनारमनी स्रोत केन्द्रलाई छनोट गरिएको छ । अनारमनी स्रोत केन्द्र अन्तर्गत सञ्चालीत २२ वटा सामूदायीक विद्यालयहरु मध्ये उद्देश्यमुलक नमूना छनोट विधिद्वारा बिर्तामोड न.पा. भित्र रहेका ३ वटा सामूदायीक विद्यालय र समुदायद्वारा सञ्चालित २ वटा बा.वि.केन्द्रहरु छनोट गरियो । सोही विधि द्वारा विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र स्रोत व्यक्ति लाई छनोट गरिएको छ। गोला प्रथा द्वारा ती विद्यालयबाट ५/५ जनाको दरले बालशिक्षाको अवसर प्राप्त र अप्राप्त गरी जम्मा ३० बालबालिका, प्रत्येक विद्यालयबाट ५ जनाका दरले अभिभावक र प्रत्येक विद्यालयबाट एक सहयोगी कार्यकर्तालाई छनोट गरिएको छ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनको लागि निम्न प्रकारका तथ्याङ्कका स्रोतको उपयोग गरिएको छ।

**३.३.१ प्राथमिक स्रोत :-** यस अन्तर्गत सहयोगी कार्यकर्ता, विद्यार्थी, प्रधानाध्यापक , स्रोत व्यक्ति, विव्यस अध्यक्षसँग छलफल, अन्तर्वार्ता प्रश्नावली मार्फत तथा विद्यालय र स्रोत केन्द्रको स्थलगत अवलोकन आदिलाई समावेश गरिएको छ।

**३.३.२ द्वितीय स्रोत :-** यस अन्तर्गत विद्यार्थीको प्रगति विवरण, मार्क लेजर, हाजिरी वही , विद्यालय अभिलेख आदिको उपयोग गरिएको छ।

## ३.४ अनुसन्धानका साधन

यस अनुसन्धानलाई अघि बढाउन प्रश्नावली, सर्भे फारम, अवलोकन फारम, अन्तर्वार्ता फारम आदिको प्रयोग गरिएको छ। अन्तरवार्ताबाट सूचना संकलन गर्न मोवाईल रेकर्डर को प्रयोग गरिएको छ।

## ३.४.१ प्रश्नावली

यस अनुसन्धानमा विद्यार्थी,सहयोगी कार्यकर्ता र स्रोत व्यक्ति बाट प्रश्नावली मार्फत तथ्याङ्क संकलन गरिएको छ। विद्यार्थीका लागि तयार प्रश्नावली अनुसूची ८ मा , सहयोगी

कार्यकर्ताका लागि तयार प्रश्नावली अनुसूची १० मा र स्रोत व्यक्तिका लागि तयार प्रश्नावली अनुसूची १३ मा समावेश गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ता

यस अनुसन्धानमा अभिभावक, विद्यालयका प्रधानाध्यापक , र विव्यस अध्यक्षहरु सँग अन्तर्वार्ताका माध्यमले सूचनाहरु संकलन गरियो । अभिभावकका लागि तयार अन्तर्वार्ता फारम अनुसूची ९ मा, प्रअ को अनुसूची ११ मा र विव्यस अध्यक्षको अनुसूची १२ मा समावेश गरीएको छ ।

### ३.४.३ अवलोकन फारम

बालविकास केन्द्रको भौतिक अवस्था, शैक्षिक अवस्था र बालबालिकाको व्यवहारको अवलोकन गर्न अवलोकन फारमको प्रयोग गरिएको छ । जसलाई अनुसूची नं २, अनुसूची ६ मा राखिएको छ ।

### ३.४.४ तथ्याङ्क संकलन फारम

बालबालिकाको उपस्थिती, सहयोगी कार्यकर्ताको विस्तृत विवरण, बालबालिकाको कक्षा एकमा भर्नादर बालबालिकाको विषयगत उपलब्धि विवरण संकलन गर्न तथ्याङ्क संकलन फारम प्रयोग गरीएको छ जसलाई अनुसूची ३ ,अनुसूची ४, अनुसूची ५, अनुसूची ७ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस प्रारम्भिक बालबिकास कार्यक्रमको बर्तमान अवस्था र यसले सिकाइमा पारेको प्रभाव सम्बन्धी अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ता आफैं नमूना छनौटमा परेका विद्यालय तथा बालबिकास केन्द्रहरुमा स्थलगत भ्रमण गरेर रिर्पोट र सूचनाहरु सङ्कलन गरिएको छ । सहयोगी कार्यकर्ता ,विद्यार्थी, प्रधानाध्यापक को लागि प्रश्नावली प्रयोग गरी उनीहरुको अन्तरवार्ता मोवाइलमा रेकर्ड गरिएको छ । सम्बन्धित बाल विकास

केन्द्र र विद्यालयको नतिजा पुस्तिका, उपस्थिति पुस्तिका आदिबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

छनौटमा परेका विद्यालयमा रहेका नतिजा पुस्तिका , उपस्थिति पुस्तिका , सहयोगी कार्यकर्ताको विस्तृत विवरण जस्ता तथ्याङ्क संकलन गरियो । विद्यालयमा प्रारम्भिक बालबिकास कक्षामा अध्ययन गर्ने र सोही विद्यालयमा कक्षा १ मा अध्ययन बालबालिका सम्बन्धी सूचना संकलन गर्न कक्षा अवलोकन फारमको प्रयोग गरिएको थियो । विद्यालयको उपस्थिति पुस्तिकाको अवलोकनबाट विद्‌यार्थीको औसत उपस्थिति दिन संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि अध्ययनको वास्तविकता प्राप्त तथ्याङ्कहरुको उचित व्याख्या र विश्लेषणबाट पत्ता लाग्ने भएकोले सङ्कलित तथ्याङ्कहरुलाई विभिन्न प्रक्रियाहरु अवलम्बन गरी विश्लेषण गरिएको छ । माथि उल्लेखित अनुसारका साधनहरु उपयोग गरि प्राप्त भएका तथ्याङ्कलाई तालिकी करण, स्तम्भचित्र, मध्यक आदिको उपयोग गरि तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

छनौटमा परेका विद्यालय र बालबिकास केन्द्रहरुमा अनुसन्धानकर्ता आफैं स्थलगत भ्रमणमा पुगेर त्याहाँ संकलन गरिएका सुचना र तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । प्रारम्भिक बालशिक्षा सञ्चालन गर्ने बालबिकास केन्द्रहरुको बास्तविक भौतिक अवस्थालाई नोट गरियो । प्रारम्भिक बालबिकास कक्षाको अवसर प्राप्त बालबालिकाहरु कक्षा एक मा तुलनात्मक रुपमा बढि नियमित हुन्छन भन्ने तथ्यको पुष्टि गर्नकालागि बर्ष भरीमा विद्यालय खुलेको दिन र औसत उपस्थितिलाई तालिकामा प्रस्तुत गरेर तुलनात्मक अध्ययन गरिएको छ ।

बालबिकास कक्षाको अनुभवले कक्षा एकमा अध्ययन गर्ने बालबालिकाहरुमा सरसफाइ गर्ने, शिष्ट व्यवहार प्रस्तुत गर्ने, सामाजिक भावनाको विकास, सृजनात्मक विकास , सुरक्षा सम्बन्धि बानीको विकास आदिमा पारेको प्रभाव बारेमा तथ्याङ्क विश्लेषण गर्न अवलोकन फारम रेकर्ड गरी त्यसलाई तालिकामा प्रस्तुत गरिएको छ । बालबिकास

कक्षाको अवसर प्राप्त बालबालिका र अवसर अप्राप्त बालबालिकाहरुको विषयगत औसत प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरी त्यसलाई स्तम्भ चित्रमा पनि प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार

# नतिजा विश्लेषण

प्रारम्भिक बाल्यावस्थामा पाउने बातावरणले बालबालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । यस उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरु भविष्यमा सफल हुन सक्छन् । यसका लागि प्रारम्भिक बालबिकास कार्यक्रमको प्रमुख भूमिका रहन्छ । यसै यथार्थलाई आत्मसात गर्दै झापा जिल्लामा सञ्चालित बालबिकास केन्द्रहरुको बास्तविक अवस्था कस्तो छ र प्रारम्भिक बालबिकास कार्यक्रमले बालबालिकामा के-कस्तो प्रभाव पारेको छ, सो को अध्ययन अनुसन्धान गर्न अनारमनी स्रोत केन्द्र अन्तर्गतका बालबिकास कार्यक्रम सञ्चालन गरेका सबै २२ वटा विद्यालय मध्येबाट ३ वटा विद्यालय र समुदाय द्वारा सञ्चालित २ वटा बाल विकास केन्द्र छनोट गरिएको छ ।

यस अध्ययनको उद्देश्य प्राप्तिकालागि संकलन गरिएका विभिन्न किसिमका तथ्याङ्क, जानकारी , सूचना तथा प्रतिक्रियाको विवरणलाई निम्नानुसारका तालिकामा राखी व्याख्या तथा विश्लेषण गरिएको छ । स्थलगत अध्ययन पश्चात बालबालिकाहरुमा प्रारम्भिक बालबिकास कार्यक्रमले पारेको प्रभावलाई निम्नानुसारका साधनको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ प्रारम्भिक बालबिकास कार्यक्रमको कार्यान्वयनको अवस्था

यस अन्तर्गत प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन गर्ने सामुदायिक बालबिकास केन्द्र र विद्यालय भित्र सञ्चालित बालबिकास केन्द्रको वास्तविक अवस्थाको अवलोकन गरी प्राप्त तथ्यलाई व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ बालबिकास केन्द्रको भौतिक अवस्था

प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन गरेका विद्यालयहरुको भौतिक अवस्था अध्ययन गर्ने क्रममा नमूना छनोटमा परेका विद्यालयहरुका बालबिकास कार्यक्रमसँग सम्बन्धित कक्षाकोठा, फर्निचर, खेल मैदान, शौचालय, पिउने पानीको अवस्थालाई अध्ययन गरिएको छ ।

**कोठाको आकार**

बालबिकास केन्द्रहरुमा बालबालिकाहरु बस्ने कोठाको आकार कम्तीमा २९० वर्ग फिट देखि ३६० वर्ग फिट सम्म पाइयो । यसरी कक्षाकोठाको क्षेत्रफल औसतमा हेर्ने हो भने २९४ वर्ग फिट देखिन्छ जसमा प्रति विद्यार्थी क्षेत्रफल औषतमा १२.५ वर्ग फिट सम्म पाइयो जुन अन्तराष्ट्रिय मापदण्ड (प्रति विद्यार्थी १३ वर्ग फिट) सँग लगभग मेल खाने देखिन्छ ।

तालिका २ :  बालबालिका बस्ने कोठाको क्षेत्रफल ( वर्ग फिटमा )

| क्र. सं | विद्यालय तथा बालबिकास केन्द्र | कोठा नं १ | कोठा नं २ | कोठा नं ३ | कोठा नं ३ |
|---|---|---|---|---|---|
| १ | श्री महेन्द्र रत्न मा.वि | ३६० | ३६० | ३२० | ३२० |
| २ | श्री देवी मा.वि | २९४ | २९४ | | |
| ३ | श्री अनारमनी प्रा.वि | ३०० | | | |
| ४ | बिराट सामूदायिक बाल विकास केन्द्र | ३५० | | | |
| ५ | सूर्यनगर सामूदायिक बाल बिकास केन्द्र | २९० | | | |

*स्रोत : स्थलगत अध्ययन २०७३*

सबै केन्द्रका बालबालिका बस्ने कोठाहरुमा प्रकाशको अवस्था राम्रो पाइयो । नानीहरुका लागि कक्षामा दुईवटा सम्म पंखाको व्यवस्था गरिएको पाइयो तर बिजुलीको वैकल्पिक व्यवस्था भने कतै पनि देखिएन ।

**शौचालय**

एकीकृत रुपमा बालबिकास केन्द्रहरु सञ्चालन गरेका विद्यालयहरुमा साना नानीहरुको लागि अलग्गै शौचालयको व्यवस्था नभएको र भएका शौचालयको पनि प्रभावकारी प्रयोग नभएको पाइयो ।

**फर्निचर र सजावट**

साना नानीहरुको कोठामा बसाइ सहज बनाउन सबै केन्द्रका कोठाहरुमा कार्पेटको व्यवस्था गरेको पाइयो । बस्ने कोठाको वातावरणले बालबालिकामा सकारात्मक प्रभाव पार्ने तथ्यलाई केन्द्रहरुले मनन गरी सजावट र रंग रोगनमा ध्यान पुऱ्याएको पाइयो । कोठाहरुमा नेपाली वर्णमाला , अंग्रेजी वर्णमाला का चित्रहरु, भित्तेलेखनहरु थिए । कक्षाकोठामा केहि हदसम्म सिकाइ  वातावरण पाइयो ।

**खेल मैदान**

अध्ययनको क्रममा छनोटमा परेका सवै बालबिकास केन्द्रहरुमा खेल मैदान छैनन् र विद्यालयम सञ्चालित बालबिकास केन्द्रका बालवालिकालाई अलग्गै मैदान नभएकाले सहयोगी कार्यकर्ताले मैदानको छेउमा लगेर खेलाएको पाइयो ।

**पिउने पानी**

यस अध्ययनको क्रममा सवै बालबिकास केन्द्रमा पानीको उपयुक्त व्यवस्था भएको पाइयो । कुनै बालबिकास केन्द्रका कक्षाकोठामा नै गाग्रीमा पानी राखी गिलासबाट बालबालिकाहरुले पिउने गरेको पाइयो भने कुनैमा उनीहरुका लागि अलग्गै धारा वा कलको व्यवस्था मिलाएको पाइयो ।

**हावा र प्रकाश**

सबै केन्द्रका बालबालिका बस्ने कोठाहरुमा प्रकाशको अवस्था राम्रो पाइयो । कक्षा कोठामा झ्यालहरु राम्रो अवस्थामा र  नानीहरुका लागि एउटा कक्षमा दुईवटासम्म पंखाको व्यवस्था गरिएको पाइयो तर विजुलीको वैकल्पिक व्यवस्था भने कतै पनि देखिएन ।

### ४.१.२ बालबिकास केन्द्रको शैक्षिक अवस्था

यसमा प्रारम्भिक बालबिकास कार्यक्रमसँग सम्बन्धित सहयोगी कार्यकर्ताको अवस्था, शैक्षिक सामग्रीको तथा खेल सामग्रीको अवस्थालाई अध्ययन गरिएको छ ।

**सहयोगी कार्यकर्ताको अवस्था**

नेपाल सरकारबाट स्वीकृति प्राप्त पाठ्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गरी समुदायका बालबालिकाहरुको चौतर्फी विकासमा सहयोग पुऱ्याउने जिम्मेवार व्यक्ति सहयोगी कार्यकर्ता नै हो । सहयोगी कार्यकर्ताको लिङ्ग, योग्यता, तालिम, अनुभव वर्ष र पारिश्रमिक तथा सुविधा जस्ता अवस्थाबाट बालबिकास केन्द्रमा गरिने क्रियाकलापहरु प्रभावित हुन्छन् र तिनै क्रियाकलापमा बालबिकास आधारित हुन्छ । त्यसैले सहयोगी कार्यकर्ताको अवस्था सम्बन्धी सूचनालाई तल प्रस्तुत गरिएको छ ।

**सहयोगी कार्यकर्ताको लैङ्गिक अवस्था :**

झापा जिल्लाका नमूना छनोटमा परेका सवै ३ विद्यालयमा सञ्चालित १० वटा बालबिकास केन्द्र र समुदायद्वारा सञ्चालीत दुबै बालबिकास केन्द्रका गरी १२ जना सहयोगी कार्यकर्तामध्ये एक जना मात्र पुरुष र बाँकी ११ जना महिला सहयोगी कार्यकर्ता नियुक्ति गरेको पाइयो । विशेष गरेर महिलाहरुसँग बालबालिकाहरु सजिलैसँग घुलमिल भएर डर त्रास बिना स्वतन्त्र रुपमा अन्तर्क्रिया गर्ने हुँदा महिलालाई सहयोगी कार्यकर्तामा नियुक्ति गर्नु सकारात्मक पक्ष देखियो ।

**शैक्षिक योग्यता**

नमूना छनोटमा परेका १२ जना विद्यालयमा सहयोगी कार्यकर्ता मध्ये दुई जना स्नातक तह उत्तीर्ण , एक जना १२ कक्षा उत्तीर्ण र बाँकी ९ जनाको शैक्षिक योग्यता एस.एल.सी. पास भएको पाइयो ।

**तालिम**

नमूना छनोटमा परेका बालबिकास केन्द्रका ११ सहयोगी कार्यकर्ताहरुलाई जि.शि.का. ले १५ दिने सहयोगी कार्यकर्ता (स.का.) तालिम दिएको र एक जना तालिम अप्राप्त पाइयो ।

**अनुभव**

अध्ययनको क्रममा नमूना छनोटमा परेका सबै बालबिकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको अनुभव न्यूनतम ३ वर्षदेखि अधिकतम १५ वर्षसम्म पाइयो ।

**पारिश्रमिक**

प्रत्येक बालबिकास केन्द्रका सहयोगी कार्यकर्तालाई नेपाल सरकारले प्रतिमहिना रु ६००० का दरले पारिश्रमिक प्रदान गर्ने गरेको पाइयो । अध्ययनबाट प्राप्त सूचना अनुसार बाल शिक्षा भन्दा अन्य कक्षामा पनि गएर पठनपाठन गर्ने सहयोगी कार्यकर्तालाई विद्यालयले आन्तरिक स्रोतबाट थप पारीश्रमिक पहिला देखिनै प्रदान गरेको पाइयो । जस अनुसार सहयोगी कार्यकर्ताको पारिश्रमिक रु ६००० देखि रु ९००० सम्म पाइयो ।

यसरी हेर्दा सहयोगी कार्यकर्ताको छनौट लैङ्गिक रुपमा सहि रहेको, आवाश्यक शैक्षिक योग्यता र तालिम प्राप्त तर नियमित रुपमा सेवाकालिन तथा पुनर्ताजगी तालिमको अवसर नपाएका तथा लामो अनुभव संगालेका सहयोगी कार्यकर्ताहरु केन्द्रमा कार्यरत रहेका छन् । २०७३ असार महिना सम्म मासिक रु.३,००० मा काम गर्दै रहेका सहयोगी कार्यकर्ताहरुको पारिश्रमिक २०७३ साउन देखि रु.६००० पुऱ्याइएको भए पनि त्यो जिविकोपार्जनका लागि अत्यन्त न्यून रहेकोले पारिश्रमिकमा समयानुकुल बृद्धि गर्नु पर्ने र सहयोगी कार्यकर्तालाई नियमित तालिमको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**शैक्षिक सामग्रीको अवस्था**

केन्द्रहरुमा बालबालिकाको लागि शैक्षिक तथा खेल सामग्रीको उपलब्धता ज्यादै न्यून पाइयो । “विविध किसिमका मनोरञ्जनात्मक शिक्षण-सिकाइ क्रियाकलापको माध्यमद्वारा ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको सवार्ङगीण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालयका लागि तयार गराउने” (प्रारम्भिक बालबिकास पाठ्यक्रम ,२०६२) प्रारम्भिक बालबिकास कार्यक्रमको मूल उद्देश्य यहाँ पूरा नभएको जस्तो देखिन्छ । कुनै विद्यालयमा बालबालिकाको लागि खरिद गरिएका सामग्रीहरु अन्य कोठाहरुमा नै थन्क्याइएका थिए । पाठ्यक्रमले कक्षाबाहिरको व्यवस्थापनमा पिङ, चिप्लेटी, सुरुङ्ग, पानी

खेल, वालुवा खेल क्षेत्र को व्यवस्था  गर्न सकिने कुराहरु औंल्याएको भएतापनि ती पूरा हुन सकेको पाइएन । यस तर्फ सरोकारवालाहरुको ध्यान पुग्नु जरुरी छ ।

प्रारम्भिक बालबिकास कार्यक्रम कार्यान्वयन गर्ने बालबिकास केन्द्र तथा विद्यालयमा प्रारम्भिक बालबिकास पाठ्यक्रम नै थिएन । सहयोगी कार्यकर्ताहरु पाठ्यक्रमका बारेमा अनभिज्ञ रहेछन । सहयोगि कार्यकर्ताहरुलाई पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम शैक्षिक क्रियाकलाप सञ्चालन गर्न लगाउनु पर्ने देखिन्छ ।

### ४.१.३ दिवा खाजाको व्यवस्था

बालबिकास केन्द्रमा  नानीहरुलाई २०७२ साल कार्तिक महिनाबाट दिवाखाजाको व्यवस्था गरेको पाइयो । जिल्ला शिक्षा कार्यलय बाट प्रति विद्यार्थी प्रति दिन रु १२ का दरले खाजा रकम सम्बन्धित विद्यालयमा निकासा पठाउने र समुदायमा आधारित बालबिकास केन्द्रहरुले सम्बन्धित विद्यालयबाट खर्चको विल भर्पाइ पेश गरी रकम बुझ्ने गरेको पाइयो । बालबालिकालाई दिउसो १२ देखि १ बजेको वीचमा चना चिउरा, थुक्पा, मुरइ तरकारी आदि खाजाको रुपमा खुवाइने गरेको पाइयो । खाजा खुवाउन व्यवस्थित ठाउँको अभाव केन्द्रहरु सबैको साझा समस्या देखिन्छ । दिवा खाजाको व्यवस्था पछि  बालबालिकाहरु नियमित रुपमा केन्द्रमा आउने र केन्द्रमा समय सम्म बस्ने क्रम वृद्धि भएको तथ्यलाई सहयोगी कार्यकर्ता , प्रधानाध्यापक र वि.व्य.स अध्यक्ष सबैले औल्याउनु भयो ।

दिवाखाजा कार्यक्रमले बालबालिकाको भर्नादरमा सुधार ल्याएको कक्षाबाट समय अगावै भाग्ने क्रम रोकिएको र अभिभावकलाई पनि भ्याइ- नभ्याइ खाजा लिएर केन्द्रमा पुग्नु पर्ने बाध्यता हटेको पाइयो । यसबाट दिवाखाजा कार्यक्रमको उद्देश्य पुरा भएको देखिन्छ । तर खाजाको गुणोस्तरको नियमित अवलोकन गर्नु आवाश्यक देखिन्छ ।

प्याभलभको सिद्धान्त अनुसार प्रेरणाले सिकाइमा ठूलो महत्व राखेको हुन्छ । यो सिद्धान्त यहाँ मेल खाएको छ । बालबालिकालाई दिवा खाजा कार्यक्रमले विद्यालय नियमित रुपमा आउन प्रेरीत गरेको छ । त्यसै गरी बालबिकास कक्षाहरुको सञ्चालनको वर्तमान अवस्था मण्टेश्वरी पद्धति र किण्डर गार्टेन पद्धति सँग पूर्णरुपमा मेल खान सकेको छैन ।

समग्रमा भन्दा बालशिक्षा सञ्चालन गर्ने  बालबिकास केन्द्र र विद्यालयको भौतिक तथा शैक्षिक बातावरण पूर्ण बाल मैत्रि नभएकोले बालकक्षालाई आवश्यक फर्निचर, खेल

सामग्री, बाल उद्यान , खेल मैदानको व्यबस्था गर्नु पर्दछ र दिवाखाजा कार्यक्रमलाई अझ प्रभावकारी रुपमा कार्यान्यवयन गर्नु पर्दछ ।


## ४.२ विद्यालय नियमितताको अवस्था

अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको उपस्थितिको तुलनात्मक विश्लेषण गर्न उपस्थिति वही विश्लेषण र अभिभावकहरुको प्रतिक्रियालाई व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ नियमितताका विश्लेषण

अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको उपस्थिति विवरणलाई सम्बन्धित विद्यालयको २०७२ सालको मार्कलेजर बाट अध्ययन गरी तालिकीकरण गरिएको छ । उक्त तालिकालाई अनुसूची १४ मा राखिएको छ भने यहाँ सो तालिकाको तथ्याङ्कलाई स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र नं. १ : अवसर प्राप्त र अप्राप्त बालबालिकाको औसत उपस्थिती




स्रोत : विद्यालयको मार्क लेजर, २०७२

श्री महेन्द्र-रत्न माविमा शैक्षिक सत्र २०७२ मा पठन पाठन सञ्चालन भएको कूल १८८ दिन मध्ये बालशिक्षा प्राप्त गरी कक्षा १ मा भर्ना भएका बालबालिकाको औसत उपस्थिति १७० दिन र बालशिक्षाको अवसर प्राप्तनगरी सोझै कक्षा १ मा भर्ना भएका बालबालिकाको औसत उपस्थिति १५५ दिन मात्र पाइयो । श्री देवी माविमा कूल १८२ दिन

कक्षा सञ्चालन भएकोमा सो उपस्थिति भने क्रमशः १६५ र १५२ दिन पाइयो । त्यसैगरी श्री अनारमनी प्राविमा कूल १८० दिन पठनपाठन भएकोमा अवसर प्राप्त बालबालिकाको औसत उपस्थिति १६८ दिन र अवसर अप्राप्त बालबालिकाको औसत उपस्थिति १५१ दिन मात्र पाइयो ।

माथिको स्तम्भचित्रमा प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको विद्यालयमा उपस्थिति अवसर अप्राप्तको तुलनामा राम्रो देखिन्छ । अवसर प्राप्त बालबालिकाहरुको २०७२ सालको उच्च औसत उपस्थिति १७० दिन र न्यून औसत उपस्थिति १६५ दिन देखिन्छ । त्यसै गरी अवसर अप्राप्त बालबालिकाहरुको उच्च औसत उपस्थिति १५५ दिन र न्यून औसत उपस्थिति १५२ दिन रहेको छ । छनौटमा परेका अवसर प्राप्त १५ जनाको कूल औसत उपस्थिति १६८ र अवसर अप्राप्तको कूल औसत उपस्थिति १५३ दिन रहेको छ । यी दुईको औसत उपस्थितिको फरक १५ दिन रहेको छ । अवसर प्राप्त भएका बालबालिकाहरुको औषत उपस्थिती ९१.४५% र अवसर नपाएका बालबालिकाको औषत उपस्थिी ८३.२७% पाइयो । यसबाट प्रारम्भिक बालबिकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराउँछ भन्ने कुरा पुष्टि हुन्छ । प्रकृतिवादले भने जस्तै स्वतन्त्र वातावरणमा स्वतन्त्र क्रियाकलापको अवसर पाएका बालबालिकाहरुको विद्यालय उपस्थिति दर उच्च देखिएको छ ।

त्यसकारण प्रत्येक अभिभावकहरुले आफ्ना नानिहरु चार वर्ष पुरा भएपछि अनिवार्य रुपमा बालशिक्षामा भर्ना गराउनु पर्ने नीति बनाएको खण्डमा बालबालिकाहरु विद्यालयमा बढि नियमित हुने र उनिहरुको प्राथामिक तहको शिक्षा धेरैहद सम्म सहज हुने थियो ।

### ४.२.२. अभिभावकको प्रतिक्रिया

बालबालिकाहरुको विद्यालय जाने प्रवृत्तिको सम्बन्धमा छनोटमा परेका अभिभावकहरुले दिएको प्रतिक्रियालाई अध्ययन गर्दा बालबालिकाहरु विद्यालय जान प्रायजसो तत्पर नै रहने तर धेरै पानी पर्दा ,अत्यन्तै गर्मी हुदाँ र धेरै जाडोमा न्यानो कपडाको अभावले नानीहरुको विद्यालय जान नसक्ने अवस्था आउन हुनाले अत्यन्तै गरिव परिवारका बालबालिकालाई जाडोमा स्वीटर र बर्षाको समयमा सामान्य बर्षातीको व्यवस्था मिलाउनु पर्ने बताउनु भयो । अझ बालबिकास कक्षाका नानिहरुलाई दिवा खाजाको

व्यवस्था भए पछि त उनीहरु सधैँ जसो विद्यालय जाने गरेको अभिभावकहरुले प्रतिक्रिया दिनु भयो । दिवाखाजा कार्यक्रमले कक्षाबाट समय अगावै भाग्ने क्रम रोकिएको र अभिभावकलाई पनि भ्याइ- नभ्याइ खाजा लिएर केन्द्रमा पुग्नु पर्ने बाध्यता हटेकोले आ-आफ्नो रोजीरोटीको कार्यमा ढुक्कले लाग्न पाइएको अभिभावकहरुको प्रतिक्रिया पाइयो ।

प्याभलभको सम्बन्ध प्रत्यावर्धनको सिकाइ सिद्धान्त प्राणिको आदत निर्माणमा केन्द्रीत छ । १ वा २ बर्षको बालशिक्षाले बालबालिकाहरुमा विद्यालय जाने आदतको निर्माण गर्ने हुनाले बालशिक्षाको अवसर प्राप्त बालबालिकाहरु सो अवसर अप्राप्त बालबालिका हरुको तुलनामा विद्यालयमा बढि नियमित हुने गर्दछन । यसरी यहाँ प्याभलभको सिद्धान्त सहि सावित भएको छ ।

प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिकाको विचमा तुलना गर्दा अवसर प्राप्त बालबालिकाको उपलब्धी र नियमितता राम्रो पाइएकोले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालबिकास कक्षामा अध्ययन गर्न बातावरण तयार गर्नु पर्दछ ।

## ४.३ बाल शिक्षाको व्यवस्थापनले सिकाइमा पारेको प्रभाव


बाल शिक्षाको व्यवस्थापनले सिकाइमा पारेको प्रभावको खोजी गर्ने सिलसिलामा बालबालिकाको औसत प्राप्ताङ्कको लेखाजोखा र कक्षा अवलोकन बाट बालबालिकाहरुको व्यवहार र सीपविकासको अवलोकन गरीएको छ ।

### ४.३.१ औसत प्राप्ताङ्कको विवरण

बालबालिकाहरुको सिकाइ उपलब्धि बिश्लेषणको क्रममा तथ्याङ्कशास्त्रमा सवैभन्दा बढी प्रचलित तथा सरल विधि औसतको प्रयोग गरिएको छ । जनसंख्या छनौटमा परेका विद्यालयमा २०७२ सालमा कक्षा १ मा अध्ययन गरेका बालबालिकाको २०७२ सालको बार्षिक परीक्षाफलको मार्कलेजर बाट जनसंख्या छनोटमा परेका बालशिक्षाको अवसर प्राप्त र अवसर अप्राप्त बालबालिको नेपाली, अंग्रेजी, गणित, सामाजिक तथा सृजनात्मक कला, विज्ञान स्वास्थ्य शारीरिक शिक्षा र स्थानिय विषयमा प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकिकरण गरियो । जस अनुसारको बालबालिकाहरुको प्राप्ताङ्कको औसतलाई अनुसूची १५ मा राखिएको छ भने प्राप्त तथ्याङ्कलाई यहाँ स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

माथिको तालिकालाई तल रेखाचित्रमा देखाइएको छ ।

चित्र नं २ : अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाको विषयगत औसत प्राप्ताङ्क




नमूना छनोटमा परेका बालशिक्षाको अवसर प्राप्त बालबालिकाको औषत प्राप्ताङ्क प्रतिशत नेपाली विषयमा ६५, अंग्रेजीमा ६८, गणितमा ६०, सामाजिक तथा सृजनात्मक कलामा ७८, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षामा ६६ र स्थानिय विषयमा ७० पाइएको छ । त्यसैगरी बालशिक्षाको अवसर प्राप्त नगरी सोझै कक्षा १ मा भर्ना भएका बालबालिकाको विषयगत औसत गणितमा ५५, अंग्रेजीमा ५२, गणितमा ५०, सामाजिक तथा सृजनात्मक कलामा ५४, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षामा ५८ र स्थानिय विषयमा ६० पाइएको छ

माथिको स्तम्भचित्रबाट प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर प्राप्त गर्ने बालबालिकाहरुले कक्षा १ मा प्राप्त गरेको विषयगत औसत अप्राप्त बालबालिकाको तुलनामा उच्च रहेको स्पष्ट देखिन्छ । उक्त तालिका र स्तम्भचित्रमा कक्षा १ मा समावेश ६ वटै विषयहरुमा अवसर प्राप्त बालबालिकाको र अप्राप्त बालबालिकाको औसत प्राप्ताङ्क मध्ये अवसर प्राप्त बालबालिकाले सामाजिक तथा सिर्जनात्मक कला मा सवैभन्दा उच्च औसत ७८ प्राप्त गरेका छन् भने यस विषयमा अवसर अप्राप्तको औसत ५४ रहेको छ । यसबाट यो स्पष्ट हुन्छ कि अवसर प्राप्त बालबालिकाहरुको सिर्जनात्मक तथा रचनात्मक

क्षमता अवसर अप्राप्त बालबालिकाको तुलनामा धेरै राम्रो छ । यसबाट फ्रोबेल र मण्टेश्वरीले भने जस्तै बालमैत्री वातावरणमा हुर्काइएका बालबालिकाहरुको शैक्षिक उपलब्धि उच्च देखिएको छ ।

### ४.३.२ प्रारम्भिक बालबिकास कक्षाले सिर्जनात्मक पक्षको विकास

बालबालिकाले अहिले सिकेका कुरा नै भविष्यको सिकाइको जग हुने भएकोले यस तहमा बालबालिकालाई " सिक्नका लागि सिक्ने " अभिप्रायले मनोरञ्जनात्मक तरिकाले सिकाउनु पर्दछ । बालविकास पाठ्यक्रमले खेल र वातावरणबाट अनुभवको माध्यमकाट बालबालिकामा अन्तर्निहित क्षमताको अभिवृद्धि गराई उनीहरुलाई भविष्यमा असल जीवनयापन गर्न सक्षम तुल्याउनु पर्छ । बालविकास पाठ्यक्रमको मूल उद्देश्य विविध मनोरञ्जनात्मक शिक्षण-सिकाइ क्रियाकलापको माध्यमद्वारा ३ र ४ बर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकास गरी उनीहरुलाई प्राथमिक विद्यालयका लागि तयार गराउने । उपयुक्त मूल उद्देश्य प्राप्तिका लागि पाठ्यक्रमले अघिसारेका अन्य उद्देश्यहरुलाई आधार मानेर प्रारम्भिक बालबिकास कार्यक्रमले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषण गर्नु यस अनुसन्धानको एउटा उद्देश्य राखिएको छ । यसका लागि नमूना छनोटमा परेका बालबालिकाहरुको कक्षा भित्र र बाहिरको क्रियाकलापको प्रप्यक्ष अवलोकन र प्रश्नावली मार्फत प्राप्त जानकारीलाई विश्लेषण गरिएको छ । कक्षाकोठा अवलोकन गरेर बालबालिकाहरुको सरसफाइ गर्ने बनीको विकासको अवस्था, सुरक्षा सम्बन्धि बानीको विकासको अवस्था, शिष्टाचार गर्ने बानीको विकासको अवस्था, प्राथामिक शिक्षाका लागि तयारी अवस्था, सामाजिक भावनाको विकासको अवस्था , सृजनात्मक विकासका अवस्थाको अवलोकनबाट प्राप्त सूचना र स. का., शिक्षक, अभिभावकबाट प्राप्त जानकारीको व्याख्या विश्लेषण गरिएको छ । अवलोकन गर्दा पाठ्यक्रमको आधारमा बालबालिकाहरुको सिप विकासको अवस्थालाई उत्तम, मध्यम र निम्न गरी तिन तहमा वर्गीकरण गरिएको छ । बालशिक्षाको अवसर प्राप्त गरेका र सो अवसर अप्राप्त बालबालिकाको अवस्थालाई अलग अलग तालिकामा प्रस्तुत गरिएको छ ।बालबालिकाहरुको व्यवहार र सीपको अवलोकन गरि प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ अवसर प्राप्त बालबालिकाहरुको व्यवहार र सिप विकासको अवस्था

| क्र. सं. | विषयवस्तु | अवसर प्राप्त बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
| १ | सरसफाई गर्ने बानीको विकास | ८ | ५३ | ४ | २७ | ३ | २० |
| २ | सुरक्षा सम्बन्धी बानीको विकास | १० | ६७ | ५ | ३३ | - | - |
| ३ | शिष्टाचार गर्ने बानीको विकास | १३ | ८७ | २ | १३ | - | - |
| ४ | प्राथामिक शिक्षाका लागि तयारी अवस्था | १२ | ८० | ३ | २० | - | - |
| ५ | सामाजिक भावनाको विकास | ९ | ६० | ४ | २७ | २ | १३ |
| ६ | सृजनात्मक विकास | ११ | ७३ | ४ | २७ | - | - |

*स्रोत : स्थलगत सर्भेक्षण २०७३*

बालशिक्षाको अवसर प्राप्त बालबालिकाहरु मध्ये ५३ प्रतिशत बालबालिकामा सरसफाइ गर्ने बानीको विकास उत्तम भएको , २७ प्रतिशतको मध्ययम भएको र २० प्रतिशतको निम्न रहेको पाइयो । त्यसैगरी उनीहरु मध्ये ६७ प्रतिशतमा सुरक्षा सम्बन्धि बानीको विकास उत्तम भएको, ८७ प्रतिशतमा शिष्टाचार गर्ने बानीको विकास उत्तम रहेको, ६० प्रतिशतमा सामाजिक भावनाको विकास उत्तम रहेको, ७३ प्रतिशतमा सृजनात्मक विकासको अवस्था उत्तम रहेको र ८० प्रतिशत बालबालिका प्राथामिक शिक्षाका लागि तयारीको उत्तम अवस्थामा पाइयो । प्रत्येक शिर्षकमा निम्न अवस्थामा रहेका बालबालिकाहरु अत्यन्तै नगन्य मात्रामा पाइयो ।


तालिका नं. ७ : अवसर अप्राप्त बालबालिकाहरुको व्यवहार र सिप विकासको अवस्था

| क्र. सं. | विषयवस्तु | अवसर अप्राप्त बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
| १ | सरसफाई गर्ने बानीको विकास | १ | ७ | ८ | ५३ | ६ | ४० |
| २ | सुरक्षा सम्बन्धी बानीको विकास | ५ | ३३ | ५ | ३३ | ५ | ३३ |
| ३ | शिष्टाचार गर्ने बानीको विकास | ३ | २० | ५ | ३३ | ७ | ४७ |
| ४ | प्राथामिक शिक्षाका लागि तयारीको अवस्था | ४ | २७ | ४ | २७ | ७ | ४७ |
| ५ | सामाजिक भावनाको विकास | २ | १३ | ३ | २० | १० | ६७ |
| ६ | सृजनात्मक विकास | ४ | २७ | ३ | २० | ८ | ५३ |

स्रोत : स्थलगत सर्भेक्षण २०७३

बालशिक्षाको अवसर अप्राप्त बालबालिकाहरु मध्ये ७ प्रतिशत बालबालिकामा सरसफाइ गर्ने बानीको विकास उत्तम भएको , ५३ प्रतिशतको मध्ययम भएको र ४० प्रतिशतको निम्न रहेको पाइयो । त्यसैगरी उनीहरु मध्ये ३३ प्रतिशतमा सुरक्षा सम्बन्धि बानीको विकास उत्तम भएको, २० प्रतिशतमा शिष्टाचार गर्ने बानीको विकास उत्तम रहेको, १३ प्रतिशतमा सामाजिक भावनाको विकास उत्तम रहेको, २७ प्रतिशतमा सृजनात्मक विकासको अवस्था उत्तम रहेको र २७ प्रतिशत बालबालिकामात्र प्राथामिक शिक्षाका लागि तयारीको उत्तम अवस्थामा पाइयो । प्रत्येक शिर्षकमा उत्तम अवस्थामा रहेका बालबालिकाहरु अत्यन्तै नगन्य मात्रामा पाइयो । तुलनात्मक अध्ययनलाई सहज बनाउन माथी प्राप्त तथ्याङ्कलाई तलको स्तम्भ चित्रमा एकै ठाउँमा प्रस्तुत गरिएको छ

चित्र नं ५ : बालवालिकाको व्यवहार र सिप विकासको अवस्था




माथिको तालिका र स्तम्भको व्याख्या विश्लेषण गर्दा प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको व्यवहार र सिप विकास अवसर अप्राप्त बालबालिकाको भन्दा राम्रो देखिन्छ । प्रारम्भिक बालबिकास पाठ्यक्रम २०६२ ले निर्दिष्ट गरेका उद्देश्यहरु सरसफाई गर्ने बानीको विकास, सुरक्षा सम्बन्धी बानीको विकास, शिष्टाचार गर्ने बानीको विकास, प्राथमिक शिक्षाका लागि तयारीको अवस्था, सामाजिक भावनाको विकास र सृजनात्मक विकास आदि सबै विधामा प्रारम्भिक बालबिकास कार्यक्रमको अबसर प्राप्त बालबालिकाहरु सो अबसर अप्राप्त बालवालिका भन्दा धेरै अगाडि रहेको पाइयो । प्रारम्भिक बालबिकास कक्षामा रहदादेखि नै एक अर्कालाई सहयोग गर्ने, समूहमा मिलेर बस्ने , सामूहिक खेलहरु खेल्ने गर्दै आएका कारण कक्षा १ मा पनि उनीहरुमा ती गुणहरु बढी देखिएका हुन् ।

बालबिकास केन्द्रका सहयोगी कार्यकर्ताका अनुसार पनि प्रारम्भिक बालशिक्षा प्राप्त बालबालिकाहरु अन्य भन्दा सबै क्षेत्रमा अब्बल रहने गरेकाछन् । कक्षा १ मा पढ्ने बाल शिक्षा प्राप्त विद्यार्थीहरु अनुशासित, मिलेर बस्ने, पढाइमा ध्यान दिने, सिकाएको कुरा चाँडो बुझ्ने , सृजनात्मक कार्यमा अग्रसर रहने तर सोझै कक्षा १ मा आउने बालबालिकाहरु विद्यालयमा वस्न मन नगर्ने, साथीहरु सँग झगडा गर्ने, भनेको नमान्ने, गृहकार्य , कक्षाकार्य नगर्ने कुरा सहयोगी कार्यकर्ताले बताउनु भयो ।

प्याभलभको सिद्धान्तले सिकारुमा राम्रा बानीको विकास गरी नराम्रा बानीलाई हटाउने विषयमा प्रभावकारी भएको परिप्रेक्षमा यस अनुसन्धानलाई सोही ढाँचामा केन्द्रीत गर्नु सान्दर्भिक भएको छ अर्थात सो सिद्धान्त यहाँ मेल खाएको छ । प्रारम्भिक बालविकास कार्यक्रमले बालकालिकामा राम्रा राम्रा बानीहरु विकासमा सहयोग गरेको छ । साना उमेरका नानीहरुलाई राम्रो बानीको विकास गर्न विभिन्न प्रेरणा र पुनर्बलहरु प्रदान गरिएको हुन्छ र त्यसले उनिहरुको भावि जिवनमा समेत सकारात्मक प्रभाव छोड्ने गर्दछ ।

प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिकाको विचमा तुलना गर्दा अवसर प्राप्त बालबालिकाको विविध क्षेत्रको उपलब्धी राम्रो पाइएकोले प्रत्येक बालबालिकालाई प्रारम्भिक  बालबिकास कक्षामा अध्ययन गर्न बातावरण तयार गर्नु पर्दछ ।

## ४.४ प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरु

विविध किसिमका मनोरञ्जनात्मक शिक्षण-सिकाइ क्रियाकलापको माध्यमद्वारा ३ र ४ बर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकास गरी उनीहरुलाई प्राथामिक विद्यालयका लागि तयार गराउने मूल उद्देश्य प्राप्तिका लागि बालबालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक , संवेगात्मक, नैतिक र सिर्जनात्मक पक्षको विकास गरी राष्ट्रका कर्णधार बालबालिकाहरुको हकहित संरक्षण एवंम् अधिकारको सम्वर्द्धन गर्न तथा वातावरणीय सामञ्जस्य कायम गर्दै बाँच्नका लागि सामाजिक रुपमा घुलमिल हुने, आधारभूत सिपको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको प्रारम्भिक बालबिकास कार्यक्रम बालबालिकाको सर्वाङ्गीण विकासका लागि निकै उपयोगी देखियो । यद्यपि यो कार्यक्रम सञ्चालन गर्न त्यति सजिलो छैन । छनोटमा परेका विद्यालयहरुले विभिन्न समस्याहरुसँग संघर्ष गर्दै यो कार्यक्रम सञ्चालन गरेको पाइयो ।

प्रारम्भिक बालबिकास कार्यक्रमको कार्यान्वयन अवस्था पत्तालगाउने प्रथम उद्देश्यका साथ गरिएको यो अनुसन्धानात्मक खोजका क्रममा बालबिकास कार्यक्रम सञ्चालन गर्ने विद्यालय र समुदायमा दुवैमा आधारित बालबिकास केन्द्रहरुको बस्तुगत बास्तविकताको अध्ययन गरियो । कार्यक्रम जतिसुकै राम्रो भएता पनि त्यसको सहि तरिकाले कार्यान्वयन हुन सकेन भने त्यो असफल हुन जान्छ । सहि कार्यान्वयनका लागि आवाश्यक भौतिक पूर्वधारहरुको विकास हुनु आवाश्यक छ ।  अध्ययनको क्रममा सहयोगी कार्यकर्ता,

प्रधानाध्यापक, शिक्षक, अभिभावकहरुसँगको छलफल तथा स्थलगत अवलोकनबाट प्राप्त सूचनाका आधारमा कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**पूर्ण बालमैत्री कक्षाकोठाको अभाव**

छनोटमा परेका बालबिकास केन्द्रहरु विद्यालयले नै सञ्चालन गरेका वा समूदायले कुनै भवनमा सञ्चालन गरेका हुँदा बालबिकास केन्द्रको छुट्टै भवन छैन । यस्ता भवन तथा कक्षाकोठा बालबिकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले निर्माण नभएको हुँदा पूर्णरुपमा बाल मैत्री छैनन् ।

**उपयुक्त फर्निचरको कमी**

सबै केन्द्रहरुमा बालवालिकाहरुलाई कार्पेट विच्छ्याइएको कोठामा राखिएका छन् तर फर्निचर भने छैनन् । विद्यार्थीको उमेर अनुसारका फर्निचरको व्यवस्था गरि सिकाइलाई थप सहज र मनोरञ्जनात्मक बनाउन सकिन्छ ।

**खेल मैदान र वगैंचाहरुको समस्या**

अध्ययनका लागि छनोट गरिएका बालबिकास केन्द्रको छुट्टै खेल मैदान र वगैँचा नभएकाले बालबालिकाहरुलाई स्वतन्त्र रुपमा खेल खेल्न बाधा पुगेको देखियो । कुनै पनि विद्यालयको खेल मैदानलाई बारबन्धन नगरिएकाले खेल खेलाउन निकै सावधानी अपनाउनुपर्ने देखिन्छ ।

**शैक्षिक सामग्रीको अपर्याप्तता**

कुनै बालबिकास केन्द्रहरुमा जि.शि.का.ले दिएको सिमीत शैक्षिक सामग्री र विद्यालयले खरीद गरेका र सहयोगी कार्यकर्ताले सङ्कलन गरेका केही शैक्षिक सामग्री भएता पनि तिनीहरुलाई कक्षा कोठा भन्दा अन्य कोठामा नै थुपारेको , प्रयोगमा ध्यान नदिएको , भएको सामग्री प्रयोग गराउन अनुगमन कम भएको अवस्था देखिन्छ भने कुनैमा शैक्षिक

सामाग्री नै नगन्य मात्रामा छन् जसले गर्दा चाहेर पनि धेरै काम गर्न नसकेको सहयोगी कार्यकर्ताको मत पाइयो ।

### न्यून खेल सामग्री

नमूना छनोटमा परेका बालबिकास केन्द्रमा पर्याप्त मात्रामा खेल सामग्री उपलब्ध छैनन् । थोरै सामग्रीको प्रयोगबाट बालबालिकालाई खेलाउन धेरै समय पर्खिनुपर्ने कुरा प्रधानाध्यापक, शिक्षक तथा सहयोगी कार्यकर्ताले जनाएका छन् ।

### अभिभावक शिक्षाको अभाव

प्रारम्भिक बालबिकास कार्यक्रम सम्बन्धी निर्देशिकाले परिच्छेद ३ मा प्रारभिक बालबिकास उमेरका बालबालिकाका अभिभावकहरुलाई लक्षित गरी सम्बन्धित निकायले आ-आफ्नो कार्यक्षेत्रभित्र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था उलेख गरेको छ । यस अध्ययनको क्रममा सम्बन्धित अभिभावकहरु, प्रधानाध्यापकहरुबाट प्राप्त जानकारी अनुसार कुनै पनि निकायले अभिभावक शिक्षा सञ्चालन गरेका छैनन् । फलस्वरुप अभिभावकहरु आफ्नो कर्तव्य, अधिकार, दायित्वबोधबाट वञ्चित हुनुपरेको यथार्थ छ । उनीहरु मध्ये धेरै जसो बालबालिका बाल कक्षा को साटो कक्षा एकदेखि मात्र विद्यालय मा भर्ना गर्ने गरेका छन् ।

### अंग्रेजी माध्यम प्रतिको बढ्दो आकर्षण

एकातिर धेरैजसो अभिभावकहरु अंग्रेजी भाषा प्रतिको आकर्षणले गर्दा आफ्ना नानीहरुलाई महंगो शुल्क तिरेर भएपनि निजी विद्यालयमा पढाउन बाध्य छन् भने अर्को तर्फ हाम्रा विद्यालयहरु विद्यार्थी अभावको अवस्थामा छन् ।

### सहयोगी कार्यकर्तालाई तालिमको अपर्याप्तता

कलिला बालबालिकाहरुको बालमनोविज्ञानलाई बुझेर शिक्षण गर्दा मात्र बालबालिका सिकाइ अर्थपूर्ण हुन्छ । छनोटमा परेका बालबिकास केन्द्रका सहयोगी कार्यकर्तालाई जि. शि. का. ले ९० घण्टे आधारभूत तालिम प्रदान गरे पनि उक्त तालिम पर्याप्त नभएको र नयाँ

नियुक्त गरिएका लाई पनि तालिमको अबसर दिन नसकिएको सम्वन्धित प्रधानाध्यापकले जनाएका छन् । कार्यकर्तालाई समय समयमा पुर्नताजगी तालिमहरुको व्यबस्था हुनु पर्ने कुरामा सम्बन्धित सबै पक्षहरुको एकै मत देखिन्छ ।

### सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यून हुनु

नमूना छनोटमा परेका बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता काम गरे वापत पाएको पारिश्रमिकप्रति सन्तुष्ट छैनन् । दैनिक ४, ५ घण्टा काम गर्दा प्राप्त भएको पारिश्रमिकले बिहान बेलुका हात मुख जोड्न पनि धौ धौ पर्ने भएकाले उनीहरु आफ्नो पेशाप्रति निराश भएको पाइयो । यसै आर्थीक बर्षबाट तलब बृद्धिगरी मासिक रु.६००० पुऱ्याए पनि सो पारिश्रमिकले आफ्नो जीवन निर्वाह हुन नसक्ने चिन्ताले ग्रस्त भइरहँदा बालबालिकाहरुको विकासमा दत्तचित्त भई लागी पर्न नसकिएको कुरा सहयोगी कार्यकर्ताले बताएका छन् । सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक न्यून भएका कारण प्रारम्भिक बालबिकास कार्यक्रमको कार्यान्वयन पक्षमा गम्भीर संकट देखा परेको पाइयो ।

### निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमनमा उदासिनता

प्रारम्भिक बालबिकास कार्यक्रममा बालबालिकाहरुको चौतर्फी विकासको लागि सञ्चालन गरिने क्रियाकलापहरु कति प्रभावकारी भएका छन् वा छैनन्, सहयोगी कार्यकर्ता नियमित उपस्थित भएर पाठ्यक्रममा निर्दिष्ट भए बमोजिमका क्रियाकलापहरु सञ्चालन गरेका छन् या छैनन्, ती क्रियाकलाप सञ्चालन गर्न के कस्ता कठिनाइहरुको सामना गर्नु परेको छ, त्यसलाई कसरी सुधार गर्न सकिन्छ  साथै बालबिकास केन्द्रको भौतिक अवस्था उपयुक्त छ या छैन भन्ने सम्बन्धमा सम्बन्धित निकायले निरीक्षण सुपरीवेक्षण तथ मूल्याङ्कन र अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न खासै ध्यान पुऱ्याएको छैन । प्रधानाध्यापक बाहेक अन्य निकायबाट नियमित अनुगमन भएको छैन ।

### आर्थिक अभाव

प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालनमा आर्थिक अभाव एक टड्कारो समस्याको रुपमा उभिएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक वापत जि. शि. का. ले

प्रति महिना रु ६००० प्रदान गर्ने गरेको, वार्षिक रुपमा शैक्षिक सामग्री खरीद गर्न रु १९०० प्रदान गर्ने गरको प्रअ हरुले जनाएका छन् । उक्त अनुदान अत्यन्त  कम भएको कुरामा सवै प्रअ सहमत भएका छन् । विद्यालयमा सञ्चालित बालबिकास केन्द्रलाई स्थानीय नगरपालिकाले समय समयमा सहयोग गर्ने गरेता पनि त्यो पर्याप्त नभएको कुरा प्रअ हरुले जनाएका छन् । बालबिकास केन्द्रमा आउने बालबालिकाहरु खेल्ने उमेरका हुन्छन र उनिहरुलाई सिकाउने सिपहरु पनि खेलकै माध्यमबाट सिकाउनु पर्नेमा सो को लागि आर्थिक व्यवस्थापन हुन सकेको छैन ।

प्रारम्भिक बालबिकास कार्यक्रमको मुख्य कार्यान्वयन कर्ता सहयोगी कार्यकर्ता भएकोले निजलाई बालबालिकाको मनोविज्ञान बुझेर कक्षा सञ्चालन गर्न सक्षम हुने गरी आवाश्यक तालिमको व्यबस्था मिलाउन सम्बन्धित निकायले भूमिका खेल्नु पर्दछ । साथै कक्षा सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार तयार गर्न राज्यका साथै स्थानीय समुदायको अग्रणी भूमिका रहनु पर्दछ ।

बालबिकास केन्द्रका सहयोगी कार्यकर्तालाई आफ्नो कार्य दक्षता अभिबृद्धि गर्न सकारात्मक पुनर्बलको आवाश्यकता देखिन्छ । प्याभलभको सिद्धान्त अनुसार पुनर्बलले सिकाइको वातावरण तयार गर्ने र सिकाइलाई दिगो बनाउने गर्दछ । समय अनुसारको तलब भत्ता सहयोगी कार्यकर्ताका लागि सकारात्मक पुनर्बल हो जसले उनीहरुमा राम्रो तरिकाले सिकाइ कार्य सञ्चालन गर्ने आदत निर्माण गर्नेछ । मण्टेश्वरीको सिद्धान्त र किण्डर गार्टेन सिद्धान्त अनुसार कक्षा सञ्चालन गर्न कक्षाकोठा भित्र र बाहिरको वातावरणको सहि व्यवस्थापन हुनु पर्दछ जसकालागि आवाश्यक बजेट व्यवस्थापन हुनु पर्दछ । यस अर्थमा बालशिक्षा सञ्चालनमा देखा परेका समस्यालाई हेर्दा वास्तविकता र सिद्धान्त मेल नखाएको देखिन्छ ।

# परिच्छेद पाँच

# निस्कर्ष र सुझावहरु

## ५.१ निस्कर्ष

नेपालमा हाल सम्म ३५,१२१ बालबिकास केन्द्रहरु सञ्चालनमा रहेका छन् ती मध्ये ३०,०३४ समुदायमा र ५,०८७ निजी स्तरमा सञ्चालित छन् र बालबिकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको कुल भर्नादर ७७.७ प्रतिशत रहेको छ (फल्यास प्रतिवेदन पहिलो २०७१ ) । सबैका लागि शिक्षा कार्य योजना २००१-२०१५ अनुसार २०१५ सम्ममा बालबिकास केन्द्रको सहज भर्नादर ८०% , बालबिकास केन्द्रबाट कक्षा १ मा भर्ना हुन जाने दर ८०% र बालबिकास केन्द्रको संख्या ७४,००० पुर्याउने लक्ष्य राखेको थियो । यसरी हेर्दा सरकारी लक्ष्य पूरा हुन सकेको देखिँदैन । नेपाल सरकारले पूर्व प्राथमिक शिक्षामा क्रमिक रुपमा लगानीमा बृद्धि गरीरहेको अवस्था र शिक्षा ऐनको आठौं सम्शोधनले प्रारम्भिक बालशिक्षालाई पनि विद्यालय संरचना भित्रनै ल्याएको सन्दर्भमा प्रारम्भिक बालबिकास कार्यक्रमको बर्तमान अवस्था र यसले सिकाइमा पारेको प्रभाव अध्ययनको सन्दर्भमा निम्नानुसारको निस्कर्ष प्रतुत गरिएको छ ।

बालबिकास केन्द्र सञ्चालित कक्षाकोठाहरु उपयुक्त आकारका भएता पनि अलग्गै भवन , बाल बगैंचा, स्वच्छ पिउने पानी , शैक्षिक सामग्री र खेल सामाग्रिको अभाव रहेको छ । पूर्व प्राथामिक कक्षाका नानीहरुलाई मन्टेश्वरी विधिबाट शिक्षण गर्नु पर्नेमा धेरै हदसम्म अन्य कक्षा सरह शिक्षण भइरहेको छ । बालबिकास केन्द्रको निरीक्षण र अनुगमन कार्यलाई प्राथमिकता दिइएको छैन । नयाँ सहयोगी कार्यकर्तालाई सेवा प्रवेश तालिम र अन्यलाई सहयोगी कार्यकर्तालाई पुर्नताजगी तालीमको अभाव देखिएको छ । दिवा खाजा कार्यक्रमको कार्यान्वयन केन्द्रहरुमा भइरहेको छ । सहयोगी कार्यकर्ताहरुलाई प्रदान गरिदै आएको तलब भत्ता यस आर्थिक बर्षबाट शतप्रतिशत बृद्धि गरिएतापनि सो रकम दैनिक गुजारा चलाउन अपर्याप्त देखिन्छ ।

प्रारम्भिक बालशिक्षा अर्थात बालबिकास केन्द्रमा अध्ययन गरि आएका बालबालिकाहरु तुलनात्मक रुपमा विद्यालयमा नियमित उपस्थित हुने गरेका छन् । उनिहरु विद्यालय समय भरी विद्यालयमानै रहन्छन जसले गर्दा उनिहरुको समग्र सिकाइमा

सकारात्मक प्रभाव परेको हुनाले प्राथमिक तहमा बालबालिकालाई विद्यालयमा नियमित गराउन बालशिक्षाको अवसर प्रदान गर्नु पर्दछ ।

कक्षा १ मा अध्ययनरत प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुको विषयगत औसत प्राप्ताङ्क प्रारम्भिक बालबिकास कार्यक्रमको अवसर नपाई सोझै कक्षा १ विद्यालयमा प्रवेश गरेका बालबालिकाहरुको भन्दा उच्च छ । अपबादको रुपमा घरायसी वातावरण राम्रो भएका कुनै बालबालिका सोझै १ कक्षामा भर्ना भए पनि राम्रो प्रगति गर्दछन । कक्षा १ देखि ४ सम्मको परीक्षाफलको अभिलेखहरु अध्ययन गर्दा प्रत्येक कक्षामा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्ने विद्यार्थी पूर्व प्राथमिक कक्षाबाटै आएका छन ।

प्रारम्भिक बालबिकास शिक्षाले प्राथमिक तहका विद्यार्थीहरुको सिकाइमा प्रत्यक्ष प्रभाव छोड्ने हुनाले सिकाइको आधार तयार पार्नका लागि सबै बालबालिकाहरुलाई बालशिक्षाको अवसर प्रदान गर्नु पर्दछ ।

प्रारम्भिक बालबिकास शिक्षाको अवसरप्राप्त बालबालिकाहरुमा सरसफाई गर्ने बानीको विकास, सुरक्षा सम्बन्धी बानीको विकास, शिष्टाचार गर्ने बानीको विकास, सामाजिक भावनाको विकास राम्ररी भएको छ । त्यस्ता बालबालिकाहरुमा अतिरिक्त क्रियाकलाप सम्बन्धि सिपहरु जस्तै खेल्ने, गीत गाउने, चित्र बनाउने र अभिनय गर्ने सिप आदीको विकास पनि राम्रो भएको छ ।

अन्त्यमा बालविकास केन्द्रलाई सामान्य कक्षाको रुपमा लिने मानसिकताले अहिलेसम्म पश्रय पाइरहेको छ, त्यो अत्यन्त त्रुटिपूर्ण छ । यसलाई संवेदनशील विषयको रुपमा लिएर बालमनोविज्ञानका आधारमा अवस्थाको विश्लेषण गरी उनीहरुका बीचमा क्रियाकलाप सञ्चालन गर्ने गराउने वातावरणको सिर्जना गर्नु पर्दछ ।

## ५.२. सुझावहरु

प्रारम्भिक बालबिकास कार्यक्रमको बर्तमान अवस्था र यसले सिकाइमा पारेको प्रभाव सम्बन्धी गरिएको यस अध्ययनबाट प्राप्त निष्कर्ष र परिणामलाई विश्लेषण गर्दा प्रारम्भिक बालबिकास कार्यक्रमलाई अझ बढी सशक्त बनाउन र कार्यक्रमको प्रभावकारिता

अभिवृद्धि गर्नको लागि निम्न बमोजिमको सुझावहरु प्रस्तुत गरिएको छ । यसले प्रारम्भिक बालबिकास कार्यक्रमको उपलब्धी स्तर बृद्धि गर्न आगामी समयमा नीति निर्माणकर्ता र योजनाकारहरुलाई समेत सहयोग पुऱ्याउने आशा गरेको छु ।

### ५.२.१ नीतिगत तह

राष्ट्रिय लक्ष्य पूरा भइनसकेको अवस्थामा प्रारम्भिक बालबिकास कार्यक्रमको विकास र विस्तारमा व्यापक जोड दिई प्रत्येक विद्यालयमा पूर्व प्राथमिक कक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ जस बाट कक्षा १ मा प्रारम्भिक बालबिकास शिक्षा प्राप्त गरेर भर्ना हुने दर १०० प्रतिशत पुऱ्याउन सकिनेछ । बालकक्षा सञ्चालन गर्न प्रत्येक विद्यालयमा एक बालमैत्रि भवनको लागि सरकारी अनुदानको नीति बनाउनु पर्दछ । बालबिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई समय सापेक्ष र श्रमको कदर हुने खालको पारिश्रमिक प्रदान गरिनु पर्दछ र शैक्षिक सामग्री खरीद गर्न दिइने सरकारी अनुदान बढाउनु पर्दछ । सहयोगी कार्यकर्ताको दक्षता अभिवृद्धि गर्न प्रभावकारी सेवाकालीन तालिम दिने नीति निर्माण गरिनु पर्दछ । बालबिकास केन्द्रको दिवाखाजा कार्यक्रम लाई प्रभावकारी रुपले सञ्चालन गर्नका लागि अनुदान रकममा बृद्धि गर्ने नीति निर्माण गर्नु पर्दछ । अंग्रेजी मोहका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको घट्दो क्रम रोक्न  पूर्व प्राथमिक कक्षा देखिनै अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने गराउने नीति बानउनु पर्दछ । अभिभावक शिक्षाको व्यवस्था गरेर अभिभावकलाई प्रारम्भिक बालबिकास कक्षामा नानीहरुलाई भर्ना गराउन प्रेरित गर्ने नीति लिनु पर्दछ ।

नेपाल सरकारले प्रत्येक विद्यालयमा अनिबार्य पूर्व प्राथामिक कक्षा सञ्चालनको नीति शिक्षा ऐन र नियमावलीमा नै उल्लेख गरेर लागु गर्ने गराउने ।

अर्थ मन्त्रालयबाट शिक्षामा विनियोजीत हुने बजेटमा बृद्धि गरी प्रत्येक विद्यालयमा एक बाल मैत्रि भवन बनाउने नीति बनाउनु पर्दछ ।

शिक्षा मन्त्रालयले शिक्षा नियमावलीमा नै उल्लेख गरी सहयोगी कार्यकर्तालाई समय सापेक्ष तलब भत्ता र पेशागत सुरक्षा ग्यारेन्टिको प्रत्याभूति गर्ने नीति लिनु पर्दछ ।

जिल्ला शिक्षा कार्यलयले मातहतका तालिम केन्द्र मार्फत सहयोगी कार्यकर्तालाई समय समयमा तालिम दिने र अभिभावक अभिमुखिकरण गरी चेतना बुद्धि गर्ने नीति बनाउनु पर्दछ ।

शिक्षा मन्त्रालयले दिवाखाजा र शैक्षिक सामाग्री वापत विद्यालयलाई दिने अनुदानमा बृद्धि गर्नका लागि आवश्यक स्रोत जुटाउनु पर्दछ । यसै गरी विद्यालयमा बालविकास कक्षा देखिनै अंग्रेजी माध्यमबाट पठन पाठन गर्न प्रेरीत गर्ने नीति लिनु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

जुनसुकै कार्यक्रमको जतिसुकै नै राम्रो नीति निर्माण गरे तापनि कार्यान्वयन तहमा त्यसको सही तरिकाले कार्यान्वयन गरिएन भने सो कार्यक्रम असफल हुन जान्छ । त्यसैले प्रारम्भिक बालबिकास कार्यक्रमको उपलब्धि स्तर बृद्धि गर्न यसको कार्यान्वयन गर्ने निकायहरु बढी जिम्मेवार हुनुपर्दछ । यसका लागि निम्नानुसारका सुझाबहरु प्रस्तुत गरिएको छ ।

स्थानीय निकाय स्तरीय संयन्त्र बनाई बालबिकास केन्द्रको अनुगमन र निरीक्षणमा सो संयन्त्रलाई परिचालन गर्नु पर्दछ । बालबिकास केन्द्रको भौतिक पूर्वाधारको विकासमा स्थानीय निकायलाई संलग्न गराउनु पर्दछ । बालबिकास केन्द्रको दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्नका लागि खानाको गुणस्तरको नियमित अनुगमन गर्न स्थानीय निकायको संलग्नता सुनिश्चित गरिनु पर्दछ । प्रारम्भिक बालबिकास कार्यक्रमका बालबालिकाहरुका अभिभावकहरुलाई सचेतना जगाउन अभिभावक शिक्षा कार्यक्रमको विस्तारमा व्यापक जोड दिनु पर्दछ । बालबिकास केन्द्रमा देखिएको भौतिक तथा शैक्षिक समस्यालाई निराकरण गर्न अनुगमन र सुपरीवेक्षण प्रक्रियालाई नियमित बनाउनु पर्दछ । विद्यालयहरुले पनि आन्तरिक स्रोत र साधनको प्रयोग गरि बालशिक्षा देखिनै अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाउनु पर्दछ ।

गाँउ / नगर परिषदबाट अनुमोदन गराई गाँउ विकास समिति / नगरपालीकाले बालविकास केन्द्रको अनुगमन र निरीक्षण गर्ने स्थायी संयन्त्रको निर्माण र परिचालनको नीति अबलम्बन गर्नु पर्दछ ।

गाँउ विकास समिति / नगरपालीकाले आफ्नो बार्षिक बजेटको केहि अंश बालविकास केन्द्रको भौतिक पूर्वाधार निर्माण ,सुधार र शैक्षिक बातावरणमा सुधार गर्नका लागि छुट्याउने नीति बनाउनु पर्दछ ।

गाँउ शिक्षा समिति / नगर शिक्षा समितिले अभिभावक माझ नियमित रुपमा चेतना मूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिनु पर्दछ ।

विद्यालयल व्यवस्थापन समितिले पुर्व प्राथामिक कक्षाहरुको अनुगमनमा संवेदनशिल हुनु पर्दछ । दिवा खाजाको गुणस्तर पत्ता लगाउन समय समयमा छड्के जाँच गरी देखिएका कमी कमजोरीहरुलाई सुधार गर्ने व्यवस्था मिलाउनु पर्दछ । साधन स्रोतको व्यवस्था मिलाई विद्यालयमा यथाशिघ्र अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने नीति लिनु पर्दछ ।

**५.२.३ अनुसन्धान तह**

प्रारम्भिक बालबिकास कार्यक्रमको बर्तमान अवस्था र यसले सिकाइमा पारेको प्रभाव सम्बन्धमा गरिएको यस खोज अन्य अनुसन्धानकर्ताहरुका लागि मार्गदर्शन बन्न सक्ने भए तापनि यस विषयमा अझ गहन अध्ययन अनुसन्धान गर्न सकिने भएकाले अनुसन्धान तहलाई निम्नानुसार सुझाव प्रस्तुत गरिन्छ ।

प्रारम्भिक बालबिकास कार्यक्रमको बर्तमान अवस्थालाई सुक्ष्म रुपमा अध्ययन गरी समस्याहरुको उजागर गर्न सकिनेछ । निजी विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा सञ्चालित बालबिकास कक्षामा ल्याउन सकिने उपायहरु पहिल्याउन सकिन्छ । प्रारम्भिक बालबिकासले बालबालिकाको सिकाइ उपलब्धीमा पारेको दुरगामी सकारात्मक प्रभावको थप अनुसन्धान गर्न सकिन्छ । बालबिकास केन्द्रहरुलाई विद्यालयीय संरचनामा ल्याउदा आउने वृहत्तर प्रभावको लेखाजोखा गर्न सकिन्छ । अन्य अनुसन्धान कर्तालाई निम्नानुसारका विषयमा अनुसन्धान गर्न यो मेरो शोध पत्र स्रोत सामाग्री बन्न सक्ने छ :

प्रारम्भिक बालबिकास कक्षाका चुनौतीहरु, दिवाखाजा कार्यक्रमले बालबालिकाको विद्यालय नियमिततामा असर, दिवाखाजा कार्यक्रमले बालबालिकाको सिकाइमा पारेको प्रभाव, प्रारम्भिक बालशिक्षा कार्यक्रम कार्यन्वयनमा सहयोगी कार्यकर्ताको भूमिका, प्राथामिक

तहमा फर्निचर व्यवस्थापनले सिकाइमा पोको प्रभाव, सहयोगी कार्यकर्तामा तालिमको प्रभाव , बालबिकास केन्द्रको सञ्चालन अवसर र चुनौती आदि ।